# प्रदेश राजपत्र

सुदूरपश्चिम प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) धनगढी, नेपाल, असोज १८ गते, २०८० साल (संख्या ७

भाग २

## सुदूरपश्चिम प्रदेश सरकार

## भौतिक पूर्वाधार विकास मन्त्रालयको

## सूचना

<u>सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०</u>



सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ को दफा २०७ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरू बनाएको छ।

### परिच्छेद-१
### प्रारम्भिक

१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>: (१) यी नियमहरूको नाम "सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषा</u>: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,-

(क) "इम्बोस्ड नम्बर प्लेट" भन्नाले धातुको प्लेटमा विद्युतीय तथा यान्त्रिक माध्यमद्वारा अक्षर र अङ्क उठ्ने गरी लेखिएको प्लेट सम्झनु पर्छ।

(ख) "ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७९ सम्झनु पर्छ।

(ग) "कार्यालय" भन्नाले यातायात व्यवस्था कार्यालय, यातायात व्यवस्था सेवा कार्यालय र ऐन अन्तर्गतका अन्य कार्यालयलाई जनाउँछ।

(घ) "कोड" भन्नाले सवारीको नम्वर प्लेट, सवारीचालक अनुमति पत्रको स्मार्ट कार्डमा उल्लेख भएको यातायात व्यवस्था कार्यालयलाई जनाउने अङ्क सम्झनु पर्छ।

(ङ) "बायोमेट्रिक" भन्नाले विद्युतीय माध्यमबाट फोटो खिच्ने, दस्तखत गर्ने र औंठा छाप लगाउने काम सम्झनु पर्छ।

## परिच्छेद-२
## सार्वजनिक सवारीको वर्गीकरण

३. यात्रीवाहक सवारीको वर्गीकरण तथा क्षमताः यात्रीवाहक सवारीको वर्गीकरण तथा क्षमता देहाय बमोजिम हुनेछः-

(क) बसः चालक सहित छब्बीस देखि छपन्न जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ख) मिनीबसः चालक सहित पन्ध्र देखि पच्चीस जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ग) माइक्रो बसः चालक सहित बढीमा चौध जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(घ) जिप, भ्यान, पिकअपः चालक सहित बढीमा चौध जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(ङ) कार र ट्याक्सीः चालक सहित बढीमा पाँच जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(च) टेम्पोः चालक सहित बढीमा चार जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको मिटर जडित टेम्पो र सो बाहेक मिटर जडान नभएको तेह्र सिट सङ्ख्या भएको तीन पाँग्रे,

(छ) मोटर साईकल, स्कुटर र मोपेडः चालक सहित बढीमा दुई जनासम्म यात्री राख्न सक्ने सिट सङ्ख्या भएको,

(ज) तीन पाङग्रे ई-रिक्सा: चालक सहित बढीमा सात सिट क्षमता भएको विद्युतीय व्याट्रीबाट चल्ने।

४. मालबाहक सवारीको वर्गीकरण तथा क्षमताः मालबाहक सवारीको वर्गीकरण तथा क्षमता देहाय बमोजिम हुनेछः-

(क) ट्रक तथा ट्याङ्करः दश टनभन्दा बढी कुल वजन भएको र अगाडितर्फ चालक सहित बढीमा तीन जनासम्म सिट, स्लिपर राखी पाँच जनासम्म लोडर बस्न सक्ने,

(ख) मिनी ट्रकः दश टनसम्म कुल वजन भएको र अगाडितर्फ चालक सहित तीन सिट, स्लिपर राखी चार जनासम्म लोडर बस्न सक्ने,

(ग) पावर टिलरः चालकसहित बढीमा एक सिट र एक टन सम्म भारवहन गर्न सक्ने क्षमता भएको,

(घ) पिकअपः चालकसहित पाँच सिट र एक टनसम्म भारवहन गर्न सक्ने।

५. <u>अन्य सवारीको वर्गीकरण तथा क्षमता</u>ः नियम ३ र ४ मा उल्लिखित सवारीहरू बाहेक डोजर, लोडर, डम्फर, क्रेन, दमकल, रोडरोलर, स्काभेटर जस्ता अन्य सवारीको वर्गीकरण र भारवहन क्षमता त्यस्तो सवारी निर्माता कम्पनीले जारी गरेको क्याटलग, स्पेसिफिकेसन वा मापदण्डको अधीनमा रही प्रज्ञापनपत्रमा उल्लिखित विवरण, सवारीको स्वरूप तथा आकृतिलाई समेत विचार गरी प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिम हुनेछ।

६. <u>यात्रीवाहक सार्वजनिक सवारीको स्तर, सञ्चालन अवधि तथा गति</u>ः (१) ऐनको दफा ११ को उपदफा (३) को प्रयोजनको लागि देहाय बमोजिमको सार्वजनिक यात्रुवाहक सेवा हुनेछः-

(क) सिधै (डाईरेक्ट) सेवाः खाना र विश्राम बाहेक प्रस्थान बिन्दु देखि गन्तव्यका बीचमा यात्रु चढाउने वा ओह्राल्ने कार्य नगरी सञ्चालन हुने सेवालाई बुझाउनेछ।यो सेवामा सञ्चालन हुने बसको मापदण्ड अनुसूची-५ बमोजिम हुनेछ।





(ख) द्रुत (एक्सप्रेस) सेवाः तोकिएको निश्चित स्थानमा मात्र यात्रु चढाउने वा ओह्राल्ने कार्य गरी सञ्चालन हुने सेवा लाई बुझाउनेछ। यो सेवामा सञ्चालन हुने बस, मिनिबस र माइक्रोबसको मापदण्ड अनुसूची-६ बमोजिम हुनेछ ।

(ग) स्थानीय (लोकल) सेवाः तोकिएको बस बिसौनीमा यात्रु चढाउने वा ओह्राल्ने कार्य गरी स्थानीय मार्गमा सञ्चालन हुने बस सेवा लाई बुझिन्छ।

(२) सिधै (डाइरेक्ट) सेवा अन्तर्गत सञ्चालन हुने बस सेवालाई सुरु सञ्चालन भएका मितिले पाँच वर्षसम्मको लागि अनुमति दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्रविधिक स्थिति लगायत अन्य आवश्यक कुराहरूको प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्मको लागि सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

(३) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने बसलाई सुरू सञ्चालन भएको मितिले आठ वर्ष सम्मको लागि अनुमति दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्रविधिक स्थिति लगायत अन्य आवश्यक कुरामा प्रत्येक वर्ष जाँचबुझ गरी थप चार वर्षसम्म सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

(४) द्रुत (एक्सप्रेस) सेवा अन्तर्गत सञ्चालन हुने मिनी बसलाई सुरू सञ्चालन भएको मितिले आठ वर्षसम्मको लागि अनुमति दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्रविधिक स्थिति लगायत अन्य आवश्यक कुरामा प्रत्येक वर्ष जाँचबुझ गरी थप सात वर्षसम्म सञ्चालन गर्ने अनुमति दिन सकिनेछ।

(५) द्रुत सेवा अन्तर्गत सञ्चालन हुने माइक्रो बसलाई सुरू सञ्चालन भएको मितिले पाँच वर्षसम्मको लागि अनुमति दिइनेछ र सो अवधि नाघेपछि त्यस्तो सवारीको यान्त्रिक तथा प्रविधिक स्थिति लगायत अन्य आवश्यक कुरामा प्रत्येक वर्ष जाँचबुझ गरी थप तीन वर्षसम्म सञ्चालन गर्ने अनुमति दिइनेछ।

(६) स्थानीय (लोकल) सेवाका मिनीबस र माइक्रोबसमा यस नियममा उल्लिखित अन्य कुराका अतिरिक्त आवश्यक औषधी तथा उपकरण सहितको प्राथमिक उपचार र आगो निभाउने यन्त्र समेतको व्यवस्था गर्नु पर्नेछ।

(७) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सिधा (डाइरेक्ट) बस सेवा रात्रि तथा दिवा सेवामा र द्रुत (एक्प्रेस) सेवा तथा स्थानीय (लोकल) सेवालाई दिवा सेवामा सञ्चालन गर्नको लागि अनुमति दिइनेछ।

(८) ऐनको दफा ११ को उपदफा (४) को प्रयोजनको लागि देहाय बमोजिम सवारीको गति निर्धारण गरिनेछः-





(क) कार, जिप, भ्यान र पिकअप बढीमा ८० कि.मि. प्रतिघण्टा,

(ख) टेम्पो, स्कुटर, पावर टिलर तथा ट्र्याक्टर बढीमा ४० कि.मि. प्रति घण्टा,

(ग) मोटरसाइकल बढीमा ५० कि.मि. प्रति घण्टा,

(घ) बस, मिनीबस, ट्रक, मिनी ट्रक हिमाली तथा पहाडी मार्गमा बढीमा ५० कि.मि. प्रति घण्टा र समतल मार्गमा बढीमा ७० कि.मि. प्रति घण्टा।

तर बाक्लो बस्ती वा बजार भएको इलाकामा प्रतिघण्टा ४० कि.मि. भन्दा बढी गतिमा कुनै पनि सवारी चलाउन पाइने छैन।

(९) मन्त्रालयले उपनियम (८) बमोजिमको सवारी बाहेक अन्य सवारीको गति निर्धारण गर्न र गति निर्धारण गरिएको सवारीको हकमा भौगोलिक अवस्था र सडकको स्थिति समेत विचार गरी सवारीको गतिमा फेरबदल गर्न सक्नेछ।

(१०) उपनियम (८) र (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा १३१ बमोजिम कुनै स्थानमा सवारीको गति सम्बन्धी सूचना वा सङ्केत उल्लेख गरिएको रहेछ भने त्यस्तो स्थानमा सोही सूचना वा सङ्केतमा उल्लेख भए बमोजिम सवारी चलाउनु पर्नेछ।

(११) सवारीको लागि निर्धारित यात्रा समयसारणी बमोजिम यात्रीवाहक सवारी चालकले सवारी साधन छुटाउनु र गन्तव्यमा पुऱ्याउनु पर्नेछ।

(१२) सार्वजनिक सवारीको स्तर र मापदण्ड अनुसूची-७, ८, ९ र १० बमोजिम हुनेछ।

७. पर्यटक सवारीः (१) सवारीलाई ऐनको दफा १२ बमोजिम देहाय बमोजिमका पर्यटक सवारीको रूपमा दर्ता गरिनेछः-

(क) प्रचलित कानुनबमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायसँग सम्बन्धित संघ संस्थाको नाममा दर्ता भएको,

(ख) कुनै वित्तीय संस्थाद्वारा प्रदान गरिएको ऋणबाट खरिद भएको सवारी सम्बन्धित वित्तीय संस्थाको नाममा दर्ता भए तापनि त्यस्तो सवारी प्रचलित कानुनबमोजिम पर्यटन व्यवसाय गर्न पाउने अनुमतिपत्र प्राप्त पर्यटन व्यवसायसँग सम्बन्धित संघसंस्थाले पर्यटन व्यवसायको लागि प्रयोग गरेको।

(२) पर्यटक सवारीले अन्य सार्वजनिक सवारी सरह यात्रु तथा मालसामान ओसारपसार गर्न पाउने छैन।

(३) उत्पादन मितिले दश वर्ष नाघेपछि पर्यटक सवारी सञ्चालन गर्न पाइने छैन र त्यस्तो सवारीलाई ऐन र यस





नियमावलीको अधीनमा रही सवारीको रूपमा हेरफेर गरी दर्ता तथा सञ्चालन गर्न बाधा पर्ने छैन।

(४) उत्पादन मितिले पाँच वर्ष नाघेका सवारीलाई पर्यटक सवारीमा हेरफेर दर्ता गरिने छैन।

## परिच्छेद-३
## सवारी दर्ता सम्बन्धी व्यवस्था

८. सवारी दर्ताः (१) ऐनको दफा १९ बमोजिम प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) विदेशमा दर्ता भएको सवारी पैठारी गरेको भए त्यस्तो सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) सवारीधनी आफै उपस्थित नभई अरु कसैलाई सवारी दर्ताका लागि पठाएको भए सम्बन्धित सवारी धनीको अख्तियारनामा,

(ग) नेपाल सवारी प्रदूषण मापदण्ड,२०६९ बमोजिमको प्रमाणपत्र,

(घ) सक्कल भन्सार प्रज्ञापनपत्र र भन्सार महसुल तिरेको रसिद,

(ङ) सवारी आयातकर्ता वा नेपालमा उत्पादन गर्ने फर्म वा कम्पनीले सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, मूल्य अभिबृद्धि करको प्रमाणपत्र प्रतिलिपि र बिमा गरेको कागजात,

(च) दर्ताका लागि आएका सवारीको सक्षमता प्रमाणपत्र, चेसिस नम्बर, इन्जिन नम्बर र सम्पूर्ण भौतिक अवस्था देखिने गरी खिचेको सवारी साधनको फोटो,

(छ) नेपालमा जडान वा उत्पादन हुने सवारीको हकमा भन्सार प्रज्ञापनपत्रको सट्टा मूल्य अभिवृद्धि कर बिजक र प्रचलित कानुन बमोजिम अन्तःशुल्क सम्बन्धी प्रावधान आकर्षित हुने सवारीको हकमा अन्तःशुल्क निकासी फाराम।

(२) दर्ता हुन आएको सवारीमा कानुन बमोजिम लाग्ने सडक निर्माण तथा मर्मत सम्भार दस्तुर, सवारी कर, आयकर आदि दरबन्दी अनुसारको महसुल भुक्तानी गरेको प्रमाण हुनु पर्नेछ।

(३) सवारी आयातकर्ताले जुन दरबन्दी अनुसारको महसुल भुक्तानी गरी सवारी साधन आयात गरेको छ सोही दरबन्दी अनुसार सवारी दर्ता गर्नु पर्नेछ।

(४) कुनै वित्तीय संस्थाबाट ऋण लगानीमा दर्ता हुन आउने सवारी साधनको हकमा नेपाल राष्ट्र बैंङ्कबाट इजाजत प्राप्त बैंङ्क वा वित्तीय संस्था तथा अन्य वित्तीय संस्थाको दर्ता





प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र तथा ऋणी संस्था भएमा सोको दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र तथा व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि संलग्न राख्नु पर्नेछ।

(५) जसको नाममा भन्सार प्रज्ञापनपत्र र मूल्य अभिवृद्धि कर बिजक जारी भएको छ पहिलो पटकको हकमा त्यसै व्यक्ति वा संस्थाको नाममा सवारी साधन दर्ता गर्नु पर्नेछ।

तर कूटनीतिक नियोगबाट अनुदान वा सहयोग स्वरूप नेपाल सरकार वा प्रदेश सरकार वा स्थानीय तह र कानुन बमोजिम स्थापित गैर नाफामूलक संघसंस्थालाई हस्तान्तरण भएका सवारीको सुरु दर्ताको हकमा लागु हुने छैन।

(६) भन्सार प्रज्ञापनपत्रमा कुनै विवरण स्पष्ट नभएमा वा कुनै प्रकारको शङ्का लागेमा सम्बन्धित भन्सार कार्यालयमा सम्पर्क गरी सो विषयमा स्पष्ट भएपछि मात्र दर्ता गर्नु पर्नेछ।

(७) सवारीको वर्गीकरण तथा किसिम एवम् रङ्ग, सिट, क्षमता निर्धारण गर्दा उक्त सवारीको उत्पादन कम्पनीले जारी गरेको क्याटलग, स्पेसिफिकेशन, भन्सार प्रज्ञापनपत्र विवरणको आधारमा प्रविधिक चेकजाँच गरी सोही अनुसार दर्ता गर्नु पर्नेछ।

(८) ग्याँसबाट सञ्चालन हुने सवारी दर्ता आधिकारिक निकायबाट तोकिएको मापदण्ड पूरा गरेको ग्याँस सिलिण्डरबाट सवारी चल्ने बेहोरा प्रमाणित भएको हुनु पर्नेछ।

(९) ग्याँसबाट सञ्चालन हुने सवारीमा सिलिण्डरको निर्माण कम्पनीले उल्लेख गरेको सिलिण्डरको रिफेरेन्स नम्बरलाई सवारी दर्ता किताबमा उल्लेख गर्नु पर्नेछ। उक्त सिलिण्डरमा फेरवदल गर्नु परेमा अधिकार प्राप्त अधिकारीको स्वीकृति लिएर मात्र फेरवदल गर्नु पर्नेछ।

(१०) सवारी निर्माता कम्पनीले सवारीका सम्बन्धमा तोकेको विस्तृत विवरण (स्पेसिफिकेशन) विपरीत हुने गरी कुनै पनि सवारी दर्ता गर्नु हुँदैन र निर्माता कम्पनीले जारी गरेको स्पेसिफिकेशनलाई मात्र मान्यता दिनु पर्नेछ।

(११) सवारी दर्ता गर्दा बीचमा कुनै नम्बर खाली नराखी सिलसिलेवार रूपमा सम्बन्धित सवारीको दर्ता किताबको पानामा सवारी दर्ता प्रमाणपत्रको नम्बर उल्लेख गरी राख्नु पर्नेछ।

(१२) नेपालमा बडी बनाउने गरी सवारीको चेसिस मात्र आयात गरी दर्ता गर्दा उक्त सवारीको चेसिसको वास्तविक (ओरजिनल) आयतन र बडीको अधिकतम आयतन समेत किटान गरी दर्ता किताबमा जनाई राख्नु पर्नेछ।

(१३) इन्जिन नम्बर वा चेसिस नम्बर दुबैमा वा कुनै एकमा रिपन्च वा रफपन्च गरिएको कैफियत देखिएमा त्यस्तो सवारी साधन दर्ता गरिने छैन।

(१४) यात्रीवाहक सवारी साधनको क्षमता चालक सहितको कुल सिट सङ्ख्या समेत सवारी दर्ता किताबमा उल्लेख गर्नु पर्नेछ।





(१५) विदेशबाट सामान पैठारी गरी स्वदेशमा नै एसेम्ब्लिङ्ग गरी उत्पादन गरिएका सवारी वा स्वदेशमा नै कच्चा पदार्थ उपयोग गरी उत्पादन भएका सवारीमा सुरु दर्ता गर्दा प्रचलित कानुनबमोजिम सडक सुधार दस्तुर अनिवार्य तिर्नु पर्नेछ।

(१६) शारीरिक अपाङ्गता भएका व्यक्तिले आफ्नो प्रयोजनका लागि विशेष प्रकृतिका सवारी साधन विदेशबाट पैठारी, स्वदेशमा खरिद गरी वा स्वरूप परिवर्तन गरी ल्याएमा अधिकार प्राप्त अधिकारीले दर्ता गर्न सक्नेछ।

(१७) एक पटक सडक सुधार दस्तुर बुझाईसकेपछि नेपालभित्र जुनसुकै यातायात व्यवस्था कार्यालयमा दर्ता भएको सवारी भए पनि त्यस्ता सवारीको सरूवा दर्ता गर्दा सडक सुधार दस्तुर लाग्ने छैन।

(१८) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति बिना सवारी नम्बर प्लेटमा लेखिने अङ्क र सङ्केत बाहेक सवारीको बाहिरी भागमा कुनै सङ्केत, अक्षर, आकृति आदि लेख्न पाइने छैन।

तर सार्वजनिक सवारीको हकमा सेवा सञ्चालन गर्ने कम्पनीको नाम तथा सुरु र अन्तिम गन्तव्य स्थलसम्म पुग्ने स्थानको नाम लेख्न कुनै बाधा परेको मानिने छैन।

(१९) उपनियम (२३) बमोजिम दर्ता भएको सवारीको धनीलाई कार्यालयले अनुसूची-२ बमोजिम कोड, अक्षर र अङ्कसहित नम्बर प्लेट सङ्केत दिइनेछ र सवारी धनीले

त्यस्तो नम्बर प्लेट सङ्केत सम्बन्धित सवारीमा प्रष्ट रूपमा देखिने गरी राख्नु पर्नेछ र प्रदेश तथा यातायात व्यवस्था कार्यालयको कोड अनुसूची-२ बमोजिमको ढाँचामा हुनेछ।

(२०) उपनियम (१९) बमोजिमको नम्बर प्लेट इम्बोस्ड गरिएको हुनु पर्नेछ र त्यस्तो नम्वर प्लेट र इम्बोस्ड गर्दा लाग्ने दस्तुर अनुसूची-३ बमोजिम हुनेछ।

(२१) उपनियम (२०) मा जुनसुकै कुरा लेखिएको भए तापनि नम्बर प्लेट इम्बोस्ड गर्ने सम्बन्धमा आवश्यक पूर्वाधारको व्यवस्था नहुन्जेल सम्म हाल प्रयोगमा रहेको नम्बर सङ्केत प्लेट नै राख्नु पर्नेछ।

(२२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले त्यस्तो निवेदनको सम्बन्धमा आवश्यक जाँचबुझ गरी ऐन तथा यस नियमावलीको अधीनमा रही कार्यालयमा राखिएको अनुसूची-४ बमोजिमको सवारी दर्ता किताबमा दर्ता गरी निवेदकलाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

९. <u>तीन पाङग्रे सवारी सम्बन्धी व्यवस्थाः</u> (१) स्थानीय तहले कानुन बनाइ तीन पाङ्ग्रे सवारी साधनको दर्ता, नवीकरण, मार्ग इजाजतपत्र लगायतको सम्पूर्ण कार्य गर्नेछ। त्यस्तो कानून बनाउँदा ऐन विपरीत हुने गरी बनाउन पाइने छैन।

(२) उपनियम (१) बमोजिमको कार्य गर्न लाग्ने कर, दस्तुर सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले निर्धारण गरे बमोजिम हुनेछ। स्थानीय तहले निर्धारण नगरेसम्म यो



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र  भाग २  मिति  २०८०।०६।१८
नियम प्रारम्भ हुनु अघि लिँदै आएको कर, दस्तुर लिई दर्ता र नवीकरण गर्न सक्नेछ।

(३) यो नियमावली प्रारम्भ हुनु अघि यातायात व्यवस्था कार्यालयमा दर्ता भएका तीन पाङग्रे सवारी पहाडी र हिमाली भूगोल बाहेकका स्थानीय तहमा स्थानान्तरण गर्न सवारी धनीले अनुसूची-११ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ। यसरी निवेदन परेमा कार्यालयले अनुसूची-१२ बमोजिमको ढाँचामा स्थानान्तरण पत्र दिनु पर्नेछ।

(४) उपनियम (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि तीन पाङग्रे सवारी स्थानीय तहमा स्थानान्तरण गर्नु अघि सवारी धनी वा व्यवस्थापकबाट तिर्नु पर्ने बाँकी कर, दस्तुर, शुल्क, जरिवाना वापतको रकम असुल गरी स्थानान्तरण पत्र दिनु पर्नेछ ।

(५) सवारी धनी वा व्यवस्थापकले चाहेको स्थानीय तहमा सम्वत् २०८१ असार मसान्तभित्र आफ्नो स्वामित्वमा रहेको तीन-पाङ्ग्रे सवारी स्थानान्तरण गरिसक्नु पर्नेछ।

(६) यो नियमावली प्रारम्भ भएपछि तीन पाङ्ग्रे सवारी सम्बन्धी कार्य यातायात व्यवस्था कार्यालयबाट गरिने छैन ।

तर नवीकरण म्याद समाप्त भएको तीन पाङ्ग्रे सवारी एक पटकको लागि तोकिएको दस्तुर तिरी नवीकरण गरी स्थानीय तहमा स्थानान्तरण गर्न कुनै बाधा पर्ने छैन।

१०. <u>सवारीको अस्थायी दर्ताः</u> (१) ऐनको दफा २४ मा उल्लिखित अवस्थामा  कुनै सवारीको अस्थायी दर्ता गर्नु परेमा सम्बन्धित

सवारी धनीले प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित सवारी दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-१३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) कुनै विदेशी सवारी साधन विदेशी दातृ निकाय वा विदेशी लगानीमा सञ्चालन हुने कुनै परियोजना वा आयोजनामा निश्चित अवधिका लागि सञ्चालन गर्नु परेमा र अवधि समाप्त भएपछि सो सवारी साधन सम्बन्धित मुलुकमै फिर्ता लैजाने विषय उल्लेख गरी आयोजना वा परियोजना प्रमुखले सम्बन्धित कार्यालयमा अस्थायी दर्ताको लागि निवेदन दिएमा त्यस्तो सवारी साधनलाई अस्थायी दर्ता गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सञ्चालित परियोजना वा आयोजना सम्पन्न भए पश्चात त्यस्ता आयोजनाहरू संघीय सरकार, प्रदेश सरकार वा स्थानीय तहलाई हस्तान्तरण हुँदाका बखत प्राप्त अस्थायी दर्ता भएका वा भन्सार छुट भएका सवारी साधनहरू सम्बन्धित संघीय वा प्रादेशिक मन्त्रालयबाट अनुरोध भई आएमा छुट भएको भन्सार दाखिला गराई ऐन र नियमावली बमोजिम लाग्ने कर, दस्तुर, शुल्क लिई कार्यालयले अन्य सवारी सरह दर्ता गर्नु पर्नेछ।

(४) उपनियम (२) बमोजिम दर्ता गरिएको सवारीको अवधि पुगेपछि त्यस्तो सवारी धनीलाई अवधि समाप्त भएको नब्बे दिन भित्र दर्ता गर्न जानकारी गराउनु पर्नेछ र त्यसरी उल्लिखित म्याद भित्र पनि दर्ता गर्न नआएमा ऐनको दफा





१८१ को उपदफा (२) को खण्ड (ग) बमोजिम जरिवाना गर्न सक्नेछ।

(५) उपनियम (२) बमोजिम अस्थायी दर्ता हुने सवारी साधनले सडक मर्मतसम्भार दस्तुर अनिवार्य रुपमा बुझाउनु पर्नेछ र त्यस्तो सवारीबाट प्रत्येक आर्थिक वर्षको सवारी कर समेत असुल उपर गर्नु पर्नेछ।

(६) अस्थायी दर्ता भएका सवारीको अवधि सहितको तेस्रो पक्ष बिमा अनिवार्य रूपमा गरेको हुनु पर्नेछ।

(७) अस्थायी दर्ता गरिएको सवारीको लागि रातो पृष्ठभूमिमा सेतो अक्षर लेखिएको नम्बर प्लेट प्रदान गर्नु पर्नेछ।

(८) उपनियम (७) बमोजिमको नम्बर प्लेटमा प्रदेश सङ्केत नम्बर, कार्यालयको कोड नम्बर, लट नम्बर र अस्थायी दर्ता बुझाउने "अ" र सवारी दर्ता नम्बर राख्दा चार अङ्कसम्म क्रमशः राख्दै जानु पर्नेछ।

(९) उपनियम (२) बमोजिम अस्थायी दर्ता भएका सवारीको लागि कार्यालयले छुट्टै अभिलेख राख्नु पर्नेछ।

११. <u>सवारीको सरुवा दर्ता</u>ः (१) यस प्रदेशको एक कार्यालयबाट अर्को कार्यालयमा र अन्य प्रदेशमा दर्ता भएको सवारी यस प्रदेश अन्तगर्तका कार्यालयमा दर्ता गर्नु परेमा सवारी धनीले साबिक दर्ता कायम रहेको कार्यालयबाट सरुवा दर्ताको लागि ऐनको दफा ३१ बमोजिम सहमति प्राप्त गरेको मितिले पैतिस दिन भित्र प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित हाल

दर्ता गराउन चाहेको कार्यालयमा अनुसूची-१४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सवारी दर्ता रहेको कार्यालयबाट सरुवा सहमति पठाइएको पत्रसाथ भन्सार प्रज्ञापनपत्रको प्रमाणित प्रतिलिपि अनिवार्य रूपमा संलग्न गर्नु पर्नेछ।

(३) कार्यालयमा एकपटक दर्ता भएको सवारी साधनको सरुवा सहमति लिई अन्य कार्यालयमा सरुवा दर्ता भए पनि साबिक कार्यालयमा त्यस्तो सवारीको दर्ता अभिलेख कायम राखिनेछ र त्यस्तो सवारीको नम्बर अन्य सवारीलाई दिइने छैन।

(४) सरुवा सहमति लिई गएको तीस दिन भित्र सम्बन्धित कार्यालयमा त्यस्तो सवारी दर्ता नगरेमा वा सम्बन्धित कार्यालयबाट सरुवाको सहमति फिर्ता लिई सरुवा सहमति रद्द गराउन चाहेमा साबिकको कार्यालयले ऐनको दफा १८१ को उपदफा (२) खण्ड (ग) बमोजिम जरिवाना गरी सरुवा सहमति रद्द गर्नु पर्नेछ ।

(५) सवारीको सरुवा सहमति लिई सम्बन्धित कार्यालयमा दर्ता हुन नसकी फिर्ता आएमा प्रविधिक चेकजाँच समेतका आधारमा उपनियम (४) बमोजिम सहमति रद्द गरी सोही नम्वर पुनः कायम गर्नु पर्नेछ।

(६) सरुवा सहमति लिई गइसकेको सवारीको विवरण अभिलेखमा जनाउनु पर्नेछ र सो सवारी सम्बन्धित कार्यालयमा





दर्ता नभई सकेको अवस्थामा पुरानो सवारी दर्ता प्रमाणपत्र नवीकरण गर्नु हुँदैन।

(७) कुनै कार्यालयबाट सवारीको सरुवा सहमति लिएपछि सम्बन्धित कार्यालयमा दर्ता हुनु अगावै सरुवा सहमति र सो सँग सम्बन्धित कागजात हराएमा वा नासिएमा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस सहित प्रतिलिपिको लागि निवेदन दिएमा सरुवा सहमति पठाएको कार्यालयसँग सो सवारी दर्ता भए नभएको यकिन गरी सहमतिको प्रतिलिपि दिनु पर्नेछ।

(८) सरुवा दर्ताका लागि आउने सवारीको सहमति दिई पठाउने कार्यालयसँग छिटो माध्यमबाट लिखित रुपमा बुझी सरुवा सहमति दर्ता गर्नु पर्नेछ।

(९) सरुवा सहमति माग गर्ने सवारी धनीले पेस गरेको कागजातमा कुनै कैफियत देखिएमा त्यस्तो कैफियत गर्ने ब्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाही हुनेछ।

(१०) उपनियम (१) बमोजिम सरुवा सहमतिबाट दर्ताको लागि निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी सरुवा दर्ता गर्नु पर्नेछ।

(११) उपनियम (१०) बमोजिम सवारी दर्ता गरेपछि लगत कट्टाका लागि सम्बन्धित कार्यालयमा लेखी पठाउनु पर्नेछ।

१२. <u>परिवर्तन, हेरफेर वा हेरफेर दर्ता सम्बन्धी व्यवस्थाः</u> (१) सवारी धनीले ऐनको दफा ४२ बमोजिम सवारीको रङ, सिट सङ्ख्या, स्वरूप, इन्जिन र चेसिस परिवर्तन, हेरफेर वा हेरफेर

दर्ता गराउन चाहेमा स्वीकृतिको लागि अनुसूची-१५ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले सम्बन्धित प्रविधिकबाट आवश्यक जाँचबुझ गराउँदा उपयुक्त देखिएमा प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर लिई स्वीकृति दिन सक्नेछ र उपयुक्त नदेखिएमा सम्बन्धित सवारी धनीलाई स्वीकृति दिन नसक्नुको कारण खुलाई जानकारी दिनु पर्नेछ।

(३) सवारीको किसिममा परिवर्तन, हेरफेर वा हेरफेर दर्ता गर्न स्वीकृति दिँदा मालवाहक सवारीलाई यात्रीबाहक सवारीमा र यात्रीबाहक सवारीलाई मालबाहक सवारीमा हेरफेर दर्ता वा परिवर्तन गर्न स्वीकृति दिइने छैन।

(४) सवारीमा परिवर्तन, हेरफेर वा हेरफेर दर्ता सम्बन्धी कारबाही सवारी दर्ता रहेको कार्यालयबाट मात्र गर्नु पर्नेछ।

(५) सवारी धनीले सवारीको इन्जिन, चेसिस तथा अन्य मुख्य पार्टपुर्जा काम नलाग्ने भई अर्को जडान गर्नु परेमा सोको कारण सहितको निवेदन दिएपछि कारण मनासिब लागेमा अधिकार प्राप्त अधिकारीले स्वीकृति दिन सक्नेछ।

तर सवारी निर्माता कम्पनीले तोकिदिएको विस्तृत विवरण विपरीत हुने गरी हेरफेर स्वीकृति दिइने छैन।

(६) उपनियम (५) बमोजिम परिवर्तन वा हेरफेर गरिसकेपछि सवारीको साबिक इन्जिन, चेसिस नम्बरलाई





प्रविधिकको रोहवरमा नष्ट गर्न लगाई त्यसको विवरण कार्यालयको अभिलेखमा जनाउनु पर्नेछ।

(७) प्रविधिक जाँचको सिलसिलामा सवारीको विवरण फरक देखिएमा भन्सार प्रज्ञापनपत्र समेतका आधारमा यकिन गरी सवारी दर्ता प्रमाणपत्र र सवारी दर्ता किताबमा जनाई प्रमाणित गर्नु पर्नेछ।

(८) दुर्घटना वा अन्य कारणबाट सवारीको इन्जिन वा चेसिस नम्बर प्लेट हराएमा वा नासिएमा प्रविधिक परीक्षण गराई सवारी दर्ता सम्बन्धी अभिलेख र सवारीको दर्ता प्रमाणपत्रमा कैफियत जनाइ अर्को नम्बर प्लेट प्रमाणित गरी गर्नु पर्नेछ।

(९) सवारीको किसिम, इन्जिन, चेसिस, रङ, सिट, बडी निर्माण वा अन्य विवरण स्वीकृति प्राप्त वर्कसपबाट हेरफेर गर्नु पर्नेछ।

(१०) उत्पादन वर्ष खुल्न नसकेको सवारीको हकमा सुरू दर्ता मितिका आधारमा सवारीको आयु कायम गरिनेछ।

(११) उत्पादन वर्षले पन्ध्र वर्ष पूरा भएका सवारीलाई निजी तथा अन्य नम्बरमा हेरफेर दर्ता गरिने छैन।

(१२) स्वीकृति नलिई सवारीमा कुनै हेरफेर वा परिवर्तन गरेमा ऐनको दफा १८१ को उपदफा (२) को खण्ड (ग) बमोजिम जरिवाना गरी हेरफेर वा परिवर्तन गर्न मिल्ने जतिको हकमा सोही बमोजिम गर्ने र मिल्नेको हकमा जरिवाना गरी हेरफेर बदर गर्नु पर्नेछ।

१३. लिलाम दर्ताः (१) कुनै व्यक्ति वा सङ्घसंस्थाले लिलाम बिक्री भएको सवारी दर्ता गराउँदा लिलाम  बिक्री सम्बन्धी कागजात संलग्न गरी प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित सवारी दर्ता गर्न  अनुसूची-१६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनसाथ प्रकाशित लिलाम बिक्रीको सूचना र सवारी लिलाम गर्ने निकायले प्रमाणित गरेको सवारीको न्यूनतम मूल्य खुलेको कागजात, चेसिस नम्बर, इन्जिन नम्बर र बडीको फोटो संलग्न हुनु पर्नेछ।

(३)  उपनियम (१) र (२) बमोजिमका निवेदन सहितका कागजात जाँचबुझ गर्दा उपयुक्त देखिएमा सवारी दर्ता गरी निवेदकलाई दर्ताको प्रमाणपत्र दिनु पर्नेछ।

(४) प्रदेशभित्रका सरकारी कार्यालय वा संघसंस्थाले लिलाम बिक्री गरेको सवारी मात्र दर्ता  गर्नु पर्नेछ।

(५) एक पटक लिलाम दर्ता भएको सवारी साधन पुनः लिलाम दर्ता गरिने छैन ।

(६) उत्पादन वर्षले दश वर्ष पूरा भई लिलाम बिक्रीबाट दर्ता भएका सवारीलाई हेरफेर दर्ता गरिने छैन।

(७) सरकारी निकायले लिलाम गरी सुरू दर्ता भई नसकेका सवारी उत्पादन वर्षले दश वर्ष पुग्ने सालको डिसेम्बर महिनाको आधारमा यकिन गर्नु पर्नेछ।





(८) इन्जिन नम्बर वा चेसिस नम्बरमा रिपन्च वा रफपन्च गरेको सवारी साधन दर्ता गरिने छैन।

(९) अन्य प्रदेशमा लिलाम दर्ता भएका सवारीहरू सरूवा सहमतिबाट दर्ता गरिने छैन।

(१०) लिलाम दर्ता हुन आउने सवारीले यसअघि सडक मर्मतसम्भार दस्तुर नबुझाएको भए सो  दस्तुर समेत बुझाउनु पर्नेछ।

(११) उत्पादन वर्षले बिस वर्ष पूरा भई लिलाम बिक्रीबाट दर्ता भएका सार्वजनिक सवारी सञ्चालन गर्न पाइने छैन र त्यस्ता सवारीको दर्ता किताबबाट लगत कट्टा गर्नु पर्नेछ।

(१२) उपनियम (११) बमोजिम सवारीको लगत कट्टा गर्दा तिर्न बाँकी सरकारी कर, शुल्क र दस्तुर असुलउपर गर्नु पर्नेछ।

१४. दर्ता प्रमाणपत्र नवीकरणः (१) सवारी धनीले ऐनको दफा ३५ बमोजिम सवारी दर्ताको प्रमाणपत्र नवीकरण गराउनको लागि प्रचलित कानुन बमोजिम दस्तुर, कर बुझाइ सवारी बीमाको कागजातसहित कार्यालयमा अनुसूची-१७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको निवेदन सहितका कागजात जाँचबुझ गरी दर्ता मितिको आधारमा एक वर्षको लागि नवीकरण गर्नु पर्नेछ ।

(३) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि अस्थायी दर्ता प्रमाणपत्र नवीकरण सुरु दर्ता गर्ने कार्यालयले गर्नु पर्नेछ।

१५. सवारीको नामसारीः (१) कुनै व्यक्तिको नाममा दर्ता भएको सवारी अन्य व्यक्तिको नाममा नामसारी गराउन चाहेमा सम्बन्धित सवारी धनीले सवारी दर्ता भएको कार्यालयमा ऐनको दफा ४० को उपदफा (१) बमोजिमको कागजात तथा प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित अनुसूची-१८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) सवारीको नामसारी गर्दा खरिदकर्ता र बिक्रीकर्ताको नागरिकता प्रमाणपत्रको सक्कल र प्रतिलिपि सहित कार्यालयमा उपस्थित हुनु पर्नेछ।

(३) नाबालकको नाममा सवारी नामसारी गर्नु परेमा जन्म दर्ता प्रमाणपत्र, संरक्षक वा माथवर भएको बेहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिस, संरक्षक वा माथवरको नागरिकताको प्रमाणपत्र तथा दुबैको पासपोर्ट साइजको तीन, तीन प्रति फोटो समेत लिई उपस्थित हुनु पर्नेछ।

(४) नावालकको नामबाट अरु कसैका नाममा नामसारी गर्नु परेमा संरक्षक वा माथवरको रोहवरमा निजको सनाखत समेत गराई नामसारी गरिदिनु पर्नेछ।

(५) नामसारी गर्दा सम्बन्धित सवारी अनिवार्य रूपमा कार्यालयमा ल्याउनु पर्नेछ।





(६) सवारी सुरू दर्ता हुँदाको अवस्थामा चेसिस र इन्जिनको फोटो प्रमाणित नगरिएको भए नामसारी गर्दा प्रमाणित गरी सम्बन्धित कार्यालयमा अद्यावधिक गर्नु पर्नेछ।

(७) भन्सार सुविधामा आयात भएका सवारी भन्सार सुविधा प्राप्त नहुने व्यक्ति वा संघसंस्थाको नाममा नामसारी गर्दा भन्सार महशुल तिरेको प्रमाण पेस गर्नु पर्नेछ।

(८) सार्वजनिक सवारीको नामसारी गर्दा जाँचपास प्रमाणपत्र, मार्ग इजाजतपत्र, प्रदूषण परीक्षण प्रमाणपत्र, बिमा अद्यावधिक भएको र नियमानुसारको कर, दस्तुर चुक्ता गरेको हुनु पर्नेछ।

(९) सवारी खरिद बिक्री भएको मितिले पैतीस दिनभित्र खरिदकर्ताको नाममा नामसारी गर्नु पर्नेछ र सो म्याद नाघी आएमा प्रचलित कानुन बमोजिम जरिवाना गरी नामसारी गर्नु पर्नेछ।

(१०) सवारी नामसारी गर्न चाहने व्यक्ति विरामी वा अशक्त भएमा सम्बन्धित अस्पताल वा स्थानीय तह र कारागार वा हिरासतमा रहेको भए सम्बन्धित कार्यालयको सिफारिसमा कार्यालय प्रमुखले डोर खटाइ सवारीधनी भएको स्थानमा गई सनाखत गराई डोर दस्तुर लिई नामसारी गरिदिनु पर्नेछ।

(११) प्राकृतिक व्यक्तिको नाममा ट्र्याक्टर र पावर ट्रिलरबाहेक अन्य ठुला तथा मझौला सवारी निजीमा नामसारी गरिने छैन।

(१२) भन्सार सुविधामा आयात गरिएका ट्र्याक्टर र पावर ट्रिलर जस्ता सवारी पहिलो पटक नामसारी भएको पाँच वर्षसम्म नामसारी गरिने छैन यसरी पाँच वर्ष अगावै नामसारी गर्नुपरेमा सुविधा वापतको भन्सार महसुल चुक्ता गरेको हुनु पर्नेछ।

तर पाँच वर्ष नपुगी कुनै सवारीधनीको मृत्यु भई नजिकको हकवालाको नाउँमा नामसारी गर्नु पर्ने भएमा भन्सार महसुल बुझाएको प्रमाण पेस गर्नुपर्ने छैन।

(१३) सवारीधनी सम्बन्धित कार्यालयमा उपस्थित हुन नसकेको अवस्थामा प्रचलित कानुन बमोजिम जारी भएको अधिकृत वारेसनामा पेस गरेमा सवारी नामसारी गर्न सकिनेछ।

(१४) सवारीधनी नामसारीका बखत उपस्थित हुन नसकिने भएमा नामसारी हुने मिति अगावै सनाखतको लागि कार्यालयमा निवेदन दिएमा निजको सक्कल नागरिकता सहितका कागजातका आधारमा सनाखतको बेहोरा प्रमाणित गरी सोको आधारमा पैंतीस दिन भित्र नामसारी गर्न सकिनेछ।

(१५) उपनियम (१) बमोजिम सवारी नामसारीका लागि निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी उपयुक्त देखेमा सवारीको नामसारी गरिदिनु पर्नेछ।

(१६) प्रचलित कानुन बमोजिम सवारी नामसारी रोक्का भएको वा कुनै प्रमाणको स्वामित्व सम्बन्धी विवाद परी हक बेहक छुट्याउनु पर्ने अवस्था भएमा मुद्दाको अन्तिम किनारा नभएसम्म नामसारी हुने छैन।





(१७) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि दुर्घटना वा अन्य कारणबाट सवारी क्षतिग्रस्त हुन गई इन्जिन र चेसिस काम लाग्ने अवस्था नभएमा सो सवारी नामसारी हुने छैन।

१६. <u>सवारी धनीको मृत्यु भएको सवारीको नामसारी</u>ः (१) कुनै कारणले सवारीधनीको मृत्यु भई नजिकको हकवालाले आफ्नो नाममा नामसारी गर्न ऐनको दफा ४० को उपदफा (२) बमोजिमको कागजात तथा प्रचलित कानुन बमोजिमको कर, दस्तुर सहित अनुसूची-१९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन सम्बन्धमा आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा सवारीको नामसारी गरिदिनु पर्नेछ।

१७. <u>दर्ता प्रमाणपत्र खारेजी</u>ः (१) सवारीधनीले ऐनको दफा ४४ बमोजिम सवारी दर्ता प्रमाणपत्र खारेज गरी लगतकट्टा गर्न अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उत्पादन वर्षले बिस वर्ष आयु पूरा भएका सार्वजनिक सवारी सञ्चालन गर्न पाइने छैन र त्यस्ता सवारी दर्ता प्रमाणपत्र खारेज गरी लगत कट्टा गर्न सवारीधनी वा व्यवस्थापकले कार्यालयमा अनुसूची-२० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम सवारीको आयु गणना देहाय बमोजिम गर्नु पर्नेछः-

(क) सवारीको उत्पादन वर्षले बिस वर्ष पुग्ने सालको डिसेम्बर महिनालाई आधार मानी बिस वर्ष आयु कायम गर्ने,

(ख) उत्पादन वर्ष नखुलेको अवस्थामा सुरू दर्ता मितिले बिस वर्ष पुगेको मानी सवारीको बिस वर्ष आयु कायम गर्ने।

(४) सवारीको लगत कट्टा गरिदिन उपनियम (१) बमोजिम निवेदन दिएमा सवारीको चेसिस र इन्जिन नम्बर प्रविधिकको रोहबरमा पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गर्न वा सो सवारीको चेसिस र इन्जिन नम्बरको टुक्रा पेस गर्न लगाई दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(५) कुनै सवारी काम नलाग्ने गरी नासिएमा वा हराएमा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का र सिफारिस, सम्बन्धित वडा कार्यालयको सिफारिस, सवारी नभेटिएको वा नासिएको बेहोराको सवारीधनीको स्वघोषणा पत्र र बिमा गरेको निकायको पत्र, कानुन बमोजिम विदेश लगिएको सवारीको हकमा विदेशमा लगेको पुष्टि हुने कागजातका आधारमा सवारीको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(६) सवारी दुर्घटनामा परी काम नलाग्ने अवस्था भई चेसिस नम्बर वा इन्जिन नम्बरमध्ये कुनै एक भेटिएको अवस्थामा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का समेतमा सो कुरा उल्लेख भई आएमा त्यस्तो सवारीको चेसिस





वा इन्जिनमध्ये कुनै एक पेस भएको अवस्थामा त्यस्तो सवारीको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(७) दुघर्टना ग्रस्त सवारीको चेसिस नम्बर वा इन्जिन नम्बर नबुझिने भएमा वा दुबै नभेटिएमा सो कुरा सम्बन्धित प्रहरी कार्यालयको सरजमिन मुचुल्का समेतमा उल्लेख भई आएमा सम्बन्धित सवारी धनीलाई सहीछाप गराइ त्यस्तो सवारी साधनको दर्ता खारेजी गरी लगत कट्टा गरिदिनु पर्नेछ।

(८) सवारी सञ्चालन गर्न पाउने आयु समाप्त भई पत्रुमा परिणत गर्नु परेमा त्यस्तो सवारीको चेसिस र इन्जिनको फोटो खिची प्रविधिकको रोहबरमा चेसिस र इन्जिन पुनः प्रयोग हुन नसक्ने गरी नष्ट गर्न लगाई सवारीको सक्कलै कागजात समेत खिची पत्रुमा परिणत गरेको बेहोरा अभिलेखमा जनाई सम्बन्धित सवारीधनी वा निजको प्रतिनिधिलाई समेत अभिलेखमा हस्ताक्षर गराई दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

(९) यस नियमावली बमोजिम सरुवा सहमति भई गएको सवारी सम्बन्धित कार्यालयमा दर्ता भएको जानकारी प्राप्त भएपछि सो सवारीको लगत कट्टा गर्नु पर्नेछ।

(१०) प्रचलित कानुन बमोजिम असुल गर्नुपर्ने कर, आयकर, दस्तुर, शुल्क, जरिवाना असुल गरी सवारी दर्ता खारेज र लगत कट्टा गर्नु पर्नेछ।

१८. दर्ता प्रमाणपत्रको प्रतिलिपिः ऐनको दफा ४६ बमोजिम दर्ता प्रमाणपत्रको प्रतिलिपि माग गर्न प्रचलित कानुन बमोजिम कर,

दस्तुर तिरी अनुसूची-२१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

१९. दर्ता प्रमाणपत्रको निलम्बनः देहायको अवस्थामा अधिकार प्राप्त अधिकारीले सवारी दर्ताको प्रमाणपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछः-

(क) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा ११७ विपरीत यातायात सेवा सञ्चालन गरेमा,

(ख) यात्रीवाहक सार्वजनिक सवारीले यात्री गुन्टा बाहेक मालसामान बोकेमा वा मालबाहक सवारीले यात्री बोकेमा,

(ग) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा ११९ विपरीत यातायात सेवा सञ्चालन गरेमा।

## परिच्छेद-४
## सवारी चालक अनुमतिपत्र सम्बन्धी व्यवस्था

२०. सवारी चालक अनुमतिपत्रको लागि निवेदन दिनु पर्नेः (१) ऐनको दफा ५१ बमोजिम सवारी चालक अनुमतिपत्र लिन विद्युतीय माध्यमबाट निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१)बमोजिम निवेदन दिँदा नागरिकता प्रमाणपत्र र मान्यता प्राप्त चिकित्सकले दिएको अनुसूची-२२ बमोजिमको निरोगिता प्रमाणपत्र पेस गर्नु पर्नेछ।





(३) शारीरिक अपाङ्गता भएको निवेदकको हकमा सम्बन्धित विशेषज्ञ चिकित्सकको शारीरिक सक्षमता सम्बन्धी सिफारिस पेस गर्नु पर्नेछ।

(४) निवेदकले पेस गरेका कागजात कार्यालयले जाँचबुझ गरी निजको बायोमेट्रिक लिएपछि प्रचलित कानुन बमोजिमको दस्तुर बुझाउनु पर्नेछ।

(५) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साना सवारी चालक अनुमतिपत्र प्राप्त गरेको दुई वर्ष पूरा नहुँदासम्म अनुसूची-२३ मा उल्लेख गरिएको बाहेक मझौला तथा ठुला सवारी चालक अनुमतिपत्रका लागि निवेदन दिन पाइने छैन।

२१. विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रको मान्यता सम्बन्धी व्यवस्थाः ऐनको दफा ५५ बमोजिम नेपाली नागरिकले विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रलाई मान्यता गराउन चाहेमा देहाय बमोजिमको कागजात सहित अनुसूची-२४ बमोजिम निवेदन दिनु पर्नेछः-

(क) विदेशी चालक अनुमतिपत्रको बेहोरा प्रमाणित गरेको सम्बन्धित दुतावासको सिफारिसपत्र,

(ख) नागरिकता प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक अनुमतिपत्र जारी भएको देशमा उक्त अवधिमा बसेको प्रमाणका रूपमा सम्बन्धित मुलुकको भिसा साथै अन्य प्रमाण,

(ग) विदेशी राष्ट्रबाट प्राप्त सवारी चालक अनुमतिपत्रको बहाल अवधि म्यादभित्र रहेको प्रमाण,

(घ) सवारी चालक अनुमतिपत्र अङ्ग्रेजी भाषा बाहेक अन्य भाषामा भए प्रचलित कानुन बमोजिम अख्तियार प्राप्त निकायबाट अनुवाद गरिएको पत्र,

(ङ) राहदानीको प्रमाणित प्रतिलिपि,

(च) विदेशी चालक अनुमतिपत्रमा भएको वर्ग अनुसार निवेदकले माग गरेको वर्ग।

२२. <u>विदेशी नागरिकले सवारी चालक अनुमतिपत्र प्राप्त गर्न सक्नेः</u> नेपालमा बसोवास गरी कुनै व्यापार, व्यवसाय, उद्योग, रोजगारी वा अध्ययन गर्ने विदेशी नागरिकले ऐनको दफा ५१ बमोजिम चालक अनुमतिपत्रका लागि देहाय बमोजिमको कागजात सहितको निवेदन पेस गर्नु पर्नेछः-

(क) कुनै व्यापार, व्यवसाय, उद्योग, रोजगारी वा अध्ययन गरेको भए सोको प्रमाण,

(ख) अस्थायी बसोवास गरेको बेहोरा खुल्ने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र,

(ग) सम्बन्धित देशको कुटनीतिक नियोगको सिफारिसपत्र,

(घ) रोजगार गरी बसेको भए सम्बन्धित निकाय, संघसंस्थाको सिफारिसपत्र,



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(ङ) श्रम स्वीकृति लिएको व्यक्तिको हकमा सोको प्रमाण,

(च) म्याद बहाल रहेको भिसा (भारतीय नागरिक बाहेक),

(छ) विदेशी नागरिक हो भन्ने बेहोरा खुल्ने अन्य कुनै प्रमाण।

२३. <u>परीक्षा सम्बन्धी व्यवस्थाः</u> (१) कार्यालयले ऐनको दफा ५२ बमोजिम सवारी चालक अनुमतिपत्रको लागि निवेदकको योग्यता परीक्षण गर्दा देहाय बमोजिमको परीक्षा सञ्चालन गर्नेछः-

(क) लिखित परीक्षा,

(ख) प्रयोगात्मक परीक्षा,

(ग) मौखिक परीक्षा।

(२) लिखित परीक्षामा उत्तीर्ण हुने निवेदकले तीन पटकसम्म प्रयोगात्मक परीक्षा दिन पाउनेछ र अनुत्तीर्ण हुने निवेदकले नब्बे दिनसम्म अर्को निवेदन दिन पाउने छैन।

तर ट्रयाक्टर र पावर ट्रिलरको सवारी चालक अनुमतिपत्र लिन लिखित परीक्षा दिनुपर्ने छैन।

(३) लिखित परीक्षा दिनु नपर्ने वर्गको निवेदकको हकमा एक पटक आवेदन दिँदा तोकिएको दस्तुर तिरी तीन पटकसम्म प्रयोगात्मक परीक्षा दिन पाउनेछ।

(४) यस नियममा जुनसुकै कुरा लेखिएको भए तापनि हेभी इक्यूपमेन्ट वर्गको सवारी चालक अनुमतिपत्रको लागी मौखिक परीक्षा समेत हुनेछ।

(५) उपनियम (१) बमोजिमको परीक्षामा खटिने कर्मचारीले अनुसूची- २५ मा उल्लेख भए बमोजिमको पारिश्रमिक पाउनेछ।

२४. <u>सवारी चालक अनुमतिपत्रमा वर्ग थप गर्नेः</u> (१) कुनै एक वर्गको सवारी चालक अनुमतिपत्रमा ऐनको दफा ५८ बमोजिम वर्ग थप गर्न प्रचलित कानुन बमोजिमको दस्तुरसहित विद्युतीय माध्यमबाट निवेदन दिनु पर्नेछ।

(२) लिखित र प्रयोगात्मक परीक्षा उत्तीर्ण भई सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिले वर्ग थप गर्न पुनः लिखित परीक्षा दिनुपर्ने छैन।

(३) नियम २३ बमोजिमको परीक्षाबाट योग्य भएका निवेदकलाई कार्यालयले प्रचलित कानुन बमोजिमको दस्तुर लिई वर्ग थप गरी नयाँ सवारी चालक अनुमतिपत्र दिन सक्नेछ।

२५. <u>सवारी चालक अनुमतिपत्रको नवीकरणः</u> (१) सवारी चालकले ऐनको दफा ५९ बमोजिम अनुमतिपत्र नवीकरणको लागि प्रचलित कानुन बमोजिमको दस्तुरसहित अनुसूची-२६ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले आवश्यक जाँचबुझ गरी सवारी चालक अनुमतिपत्र नवीकरण गरिदिनु पर्नेछ।

(३) उपनियम (२) बमोजिम सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिको सवारी चालक अनुमति पत्रको नवीकरण नेपाल भित्रका जुनसुकै कार्यालयले गर्न सक्नेछ।

(४) यस नियमावलीमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि साठी वर्ष उमेर पूरा भएका सवारी चालक अनुमतिपत्र प्राप्त व्यक्तिले ठुला र मझौला सार्वजनिक सवारी चलाउन पाउने छैन।

२६. <u>सवारी चालक अनुमतिपत्रको निलम्बनः</u> ऐनको दफा ६३ बमोजिम अधिकार प्राप्त अधिकारीले सवारी चालक अनुमतिपत्र छ महिनासम्म निलम्बन गर्न सक्नेछः-

(क) ऐनको दफा ११७ विपरीत यातायात सञ्चालन गरेमा,

(ख) यात्रीवाहक सवारीले मालसामान बोकेमा र मालबाहक सवारीले यात्री बोकेमा,

(ग) पर्यटक सवारीले पर्यटक बाहेक अन्य यात्री बोकेमा,

(घ) ऐनको दफा ८५ बमोजिम मार्ग इजाजतपत्र नलिएको मार्गमा सवारी चलाएमा,

(ङ) सवारीको चालकले सवारी चलाउँदा मोबाइल फोनको प्रयोग गरेमा,

(च) सवारी चालकले लागु पदार्थ सेवन गरी सवारी चलाएमा,

(छ) पाँच पटकभन्दा बढी तोकिएको ठाँउभन्दा अन्य जथाभावी सवारी रोकेमा,

(ज) एम्बुलेन्स चलाउने चालकले बिरामी बाहेक यात्री तथा मालसामान बोकेमा,

(झ) विश्वविद्यालय तथा विद्यालय बसको चालकले यात्री बोकेमा।

२७. <u>सवारी चालक अनुमतिपत्र खारेज गर्न सक्ने</u>ः ऐनको दफा ६४ का अतिरिक्त देहायको अवस्थामा अधिकार प्राप्त अधिकारीले सवारी चालकको चालक अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) चालकको मृत्यु भएमा,

(ख) स्वेच्छाले खारेज गर्न चाहेमा,

(ग) सार्वजनिक सवारी चालक बाहेक अन्यले दुई पटकभन्दा बढी मादक पदार्थ सेवन गरी सवारी चलाएको भनी सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित गरी सवारी चालक अनुमतिपत्र खारेजीका लागि सिफारिस गरेमा,

(घ) सार्वजनिक सवारी चलाउने चालकले मादक पदार्थ सेवन गरी सवारी चलाएको भनी सम्बन्धित प्रहरी कार्यालयले प्रमाणित



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

गरी सवारी चालक अनुमतिपत्र खारेजीका लागि सिफारिस गरेमा,

(ङ) कानुन बमोजिम चालक अनुमतिपत्र नवीकरण गर्न पाउने हदम्याद समाप्त भएमा।

२८. <u>सवारी चालक अनुमतिपत्रको प्रतिलिपि</u>ः (१) ऐनको दफा ६५ बमोजिम सवारी चालक अनुमतिपत्रको प्रतिलिपिको लागि प्रचलित कानुन बमोजिमको दस्तुर सहित अनुसूची-२७ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले जाँचबुझ गरी सवारी चालक अनुमतिपत्रको प्रतिलिपि दिनु पर्नेछ।

तर सवारी चालक अनुमतिपत्र हराएको हकमा सम्बन्धित ट्राफिक कार्यालयको सिफारिस पेस गर्नु पर्नेछ।

२९. <u>सवारी चालकको मृत्युको सूचना दिनुपर्ने</u>ः (१) सवारी चालकको मृत्यु भएमा मृतकको नजिकको नातेदारले निजको मृत्यु दर्ता प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक अनुमतिपत्र उपलब्ध भएसम्म सम्बन्धित कार्यालयमा पेश गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पेश भएका कागजातका आधारमा सम्बन्धित कार्यालयले सवारी चालक अनुमतिपत्रको दर्ता खारेज गरी लगत कट्टा गर्नु पर्नेछ।

३०. <u>सवारी चालक अनुमतिपत्रमा राख्नु पर्ने कोड नम्बर</u>ः सवारी चालक अनुमतिपत्रमा राखिने कोड नम्बर र वर्ग प्रचलित संघीय कानुनले निर्धारण गरे बमोजिम हुनेछ।

## परिच्छेद-५

## <u>यातायात व्यवस्थापन</u>

३१. <u>सडक मार्ग इजाजतपत्रको लागि निवेदन दिनुपर्ने</u>ः (१) ऐनको दफा ८५ बमोजिम मार्ग इजाजतपत्रको लागि प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-२८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) यातायात सेवामा सवारीको पञ्जीकरण नभई अधिकार प्राप्त अधिकारीले मार्ग इजाजतपत्र जारी गर्ने छैन।

(३) सवारी जाँचपास गरेको सात दिन भित्र कार्यालयबाट मार्ग इजाजतपत्र लिई सक्नु पर्नेछ र उक्त अवधि नाघी आएमा ऐनको दफा १८१ को उपदफा (२) को खण्ड (ग) अनुसार जरिवाना तथा सुरु दर्ताको मितिदेखि मार्ग इजाजतपत्र नलिई सञ्चालन गरेको मानी हालसम्मको नियमानुसारको मार्ग इजाजतपत्रको शुल्क समेत असुल गरी मार्ग इजाजतपत्र दिनु सकिनेछ।

(४) मार्ग इजाजतपत्र लिँदा सवारीमा कार्यरत कर्मचारी, यात्री तथा तेस्रो पक्ष समेतको बिमा पोलिसि सक्कल पेस गर्नु पर्नेछ र कार्यालयले सोको प्रतिलिपि प्रमाणित गरी अभिलेख राख्नु पर्नेछ।





(५) मार्ग इजाजतपत्र दिँदा सवारीको दर्ता प्रमाणपत्र (ब्लुबुक) नवीकरण रहेको, प्रचलित कानुन बमोजिमको कर तिरेको र जाँचपास अद्यावधिक भएको हुनु पर्नेछ।

(६) साबिक कार्यालयबाट जारी भएको मार्ग इजाजतपत्रको सरूवा दर्ता गर्न सरुवा सहमतिपत्र ल्याएको मितिले पैंतीस दिनभित्र कार्यालयमा पेस गर्नु पर्नेछ र कार्यालयले आवश्यक जाँचबुझ गरी प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर लिई मार्ग इजाजतपत्र दर्ता गरिदिनु पर्नेछ।

(७) सरुवा सहमतिबाट दर्ता भएको मार्ग इजाजतपत्रको लगत कट्टाको लागि साबिक कार्यालयमा लेखी पठाउनु पर्नेछ।

(८) उपनियम (७) बमोजिम पैंतीस दिनभित्र सवारीको मार्ग इजाजतपत्र दर्ता नगराएमा वा दर्ता हुन नसकेमा वा सरुवा दर्ता फिर्ता ल्याउनु परेमा सरुवा सहमति लगेको पैंतालिस दिनभित्र साबिक कार्यालयमा फिर्ता ल्याई दर्ता गरी सक्नु पर्नेछ र उक्त अवधि नाघी दर्ता गराउन ल्याएमा ऐनको दफा १८१ को उपदफा (३) बमोजिम जरिवाना गरी त्यस्तो सरुवा सहमति रद्द गरी साबिक मार्ग कायम गरी मार्ग इजाजतपत्र दिनु पर्नेछ ।

(९) सार्वजनिक सवारीलाई यातायात सेवा पुर्‍याइ रहेको मूल मार्गसँग जोडिएको अस्थायी मार्ग सञ्चालनको इजाजतपत्र दिन सकिनेछ।

(१०) सरकारी तथा सार्वजनिक निकाय, संघसंस्था, शिक्षण संस्थाले कर्मचारी, विद्यार्थी ओसारपसार गर्न भाडामा सञ्चालन गरिने सार्वजनिक सवारी साधनलाई सम्बन्धित पक्षको सम्झौता बमोजिम निश्चित क्षेत्र तोकी इजाजतपत्र दिन सकिनेछ। त्यस्तो सवारीले सम्झौता अगावै मार्ग इजाजतपत्र लिएको भए त्यस्तो मार्ग इजाजतपत्र स्थगित गरी सम्झौताको अवधि समाप्त भएपछि अनुसूची-२४ बमोजिमको ढाँचामा निवेदन दिएमा कार्यालयले आवश्यक जाँचबुझ गरी साबिक बमोजिम मार्ग इजाजतपत्र जारी गर्नु पर्नेछ।

(११) पाँच सिटदेखि चौध सिटसम्मका यात्रीवाहक सवारीलाई सुरू विन्दु र गन्तव्य विन्दु तोकी २५० कि.मि. दुरीभित्र वा कुनै एक आपसमा जोडिएको बढीमा तीन जिल्लाका लागि मार्ग इजाजत दिनु पर्नेछ।

तर पहाडी र हिमाली भौगोलिक क्षेत्र भएका जिल्लामा म्याजिक भ्यान जस्ता प्रकृतिका सवारी साधनका लागि मार्ग इजाजतपत्र जारी गरिने छैन।

(१२) मिटर जडित ट्याक्सी जस्ता प्रकृतिका यात्रीवाहक सवारीलाई एक आपसमा जोडिएका बढीमा तीन जिल्लाका लागि मात्र मार्ग इजाजत दिनु पर्नेछ।

(१३) उत्पादन वर्षले दश वर्ष अवधि पूरा नभएका पर्यटक सवारीलाई प्रदेशभर मार्ग इजाजतपत्र दिन सकिनेछ र त्यस्ता पर्यटक सवारीले निश्चित दुरी तोकी मार्ग इजाजतपत्र





माग गरेमा प्रचलित कानुन बमोजिमको दस्तुर तिरी मार्ग इजाजतपत्र दिनु पर्नेछ।

तर उत्पादन मितिले दश वर्ष अवधि नाघेको पर्यटक सवारीलाई मार्ग इजाजतपत्र दिइने छैन।

(१४) प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर बुझाइ मालवाहक सवारीले प्रदेशभर वा निश्चित दुरीको मार्ग इजाजतपत्र माग गरेमा जाँचबुझ गरी इजाजत दिन सकिनेछ।

(१५) रात्रिसेवामा सञ्चालन हुने यात्रीबाहक सवारीलाई उत्पादन मितिले पाँच वर्षसम्म र सवारीको यान्त्रिक तथा प्रविधिक स्थितिको प्रत्येक वर्ष परीक्षण गरी थप तीन वर्षसम्म मार्ग इजाजतपत्र दिनु पर्नेछ।

(१६) भाडादर कायम भएको अस्थायी मार्गमा सम्बन्धित कार्यालयले मार्ग इजाजतपत्र दिन सक्नेछ।

(१७) मार्गको सुरु र अन्त्य हुने स्थान र बीचमा पर्ने मुख्य मुख्य स्थान मार्ग इजाजतपत्र अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

३२. मार्ग इजाजतपत्र परिवर्तनः (१) कार्यालयबाट इजाजत प्राप्त मार्ग बाहेक अन्य मार्ग प्रयोग गर्न प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित अनुसूची-२९ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) मार्ग इजाजतपत्र प्राप्त सवारीले इजाजतको मान्य अवधिभित्र मार्ग परिवर्तन गर्न चाहेमा प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर लिई मार्ग इजाजतपत्र दिन सकिनेछ।

(३) मार्ग इजाजतपत्र परिर्वतन गर्न सवारीको साबिकको मार्ग इजाजतपत्र, सवारी दर्ता प्रमाणपत्र, जाँचपास प्रमाणपत्र र बीमा अद्यावधिक भएको हुनु पर्नेछ।

(४) इजाजतपत्रमा बहाल म्याद भुक्तानी भएको मितिले पन्ध्र दिनभित्र साबिक मार्ग कट्टा गरी मार्ग परिवर्तन गर्न चाहेमा सो अवधिमा साबिकको मार्गको नवीकरण दस्तुर लाग्ने छैन। म्याद नाघी आएमा साबिक मार्गको दस्तुर, जरिवाना र मार्ग परिवर्तन बापतको दस्तुर समेत लिई मार्ग इजाजतपत्र दिनु पर्नेछ।

(५) मार्ग इजाजतपत्र लिई वा नवीकरण गराइसकेपछि मार्ग परिवर्तनका लागि निवेदन पर्न आएमा नयाँ मार्गको दस्तुर लिई साबिक मार्गको मान्य अवधिसम्मको लागि मार्ग इजाजतपत्र दिनु पर्नेछ।

३३. <u>पटके मार्ग इजाजतपत्र</u>ः (१) ऐनको दफा ९१ बमोजिम पटके मार्ग इजाजतपत्र लिन प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित सम्बन्धित कार्यालयमा अनुसूची-३० बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) पटके मार्ग इजाजतपत्र दिँदा मार्ग इजाजतपत्र, जाँचपास र सवारी दर्ता प्रमाणपत्र नवीकरण भएको हुनु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन परेमा कार्यालयले जाँचबुझ गरी अनुसूची-३१ बमोजिमको ढाँचामा पटके मार्ग इजाजतपत्र दिनु पर्नेछ।





३४. <u>विदेशमा दर्ता भएका सवारी चलाउने अनुमति सम्बन्धमा</u>ः (१) विदेशमा दर्ता भएको सवारीले ऐनको दफा ३४ बमोजिम प्रदेशमा सवारी चलाउन अनुमति लिन प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित कार्यालयमा अनुसूची-३२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम पर्न आएको निवेदनको सम्बन्धमा कार्यालयले आवश्यक जाँचबुझ गरी एक वर्षको अवधिमा तीस दिनसम्म अनुसूची-३३ बमोजिमको ढाँचामा अनुमति दिन सक्नेछ।

३५. <u>यात्रीवाहक सवारीको आकार र स्तर तोक्न सक्ने</u>ः (१) मार्ग इजाजतपत्रको लागि यात्रीवाहक सवारीको आकार र स्तर मन्त्रालयले तोक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

३६. <u>मध्यम र लामो मार्गमा यातायात सेवा प्रदान गर्ने सार्वजनिक सवारीको स्तर</u>ः (१) ऐनको दफा ९२ बमोजिम प्रदेश भित्रका मध्यम र लामो मार्गमा यातायात सेवा सञ्चालन गर्ने सार्वजनिक सवारीको स्तर प्रदेश सरकारले तोक्नेछ।

(२) उपनियम (१) बमोजिम तोकिएको सूचना प्रदेश राजपत्रमा प्रकाशन गर्नु पर्नेछ।

३७. <u>मार्ग इजाजतपत्रको नवीकरण</u>ः (१) ऐनको दफा ९३ बमोजिम मार्ग इजाजतपत्र नवीकरणको लागि प्रदेश आर्थिक ऐन

बमोजिमको दस्तुर सहित अनुसूची-३४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) मार्ग इजाजतपत्रको नवीकरणको लागि निवेदन दिँदा बिमाको कागजात, सवारी दर्ता प्रमाणपत्र र सवारी जाँचपास अद्यावधिक भएको हुनु पर्नेछ।

(३) मार्ग इजाजतपत्र छ महिनाका लागि नवीकरण गर्न बिमा वा जाँचपास अवधिले नभ्याउने भएमा बिमा वा जाँचपासको अवधिसम्मको लागि सो बेहोरा उल्लेख गरी नवीकरण गराउनु पर्नेछ।

(४) उपनियम (२) र (३) बमोजिमको अवधिभित्र बिमा वा जाँचपासको नवीकरण अद्यावधिक गरिसकेपछि बाँकी अवधि थप गर्नु पर्नेछ।

(५) प्रदूषण परीक्षणको मापदण्ड लागु भएको क्षेत्रमा प्रदूषण परीक्षण प्रमाणपत्र वा स्टिकर पेस गरेपछि सवारीको मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।

(६) ऐनको दफा ९४ बमोजिम मार्ग इजाजतपत्र स्वतः निलम्बन भई ऐनको दफा ९५ बमोजिम पुनः मार्ग इजाजतपत्र दिनु परेमा मार्ग इजाजतपत्रको म्याद समाप्त भएको पहिलो छ महिनासम्मका लागि दस्तुर, शत प्रतिशत थप दस्तुर तथा जरिवाना र त्यसपछिको प्रत्येक छ महिनाका लागि शत प्रतिशत थप दस्तुर समेत लिई मार्ग इजाजतपत्र नवीकरण गर्नु पर्नेछ।





(७) मार्ग इजाजतपत्र नवीकरण गर्दा यातायात सेवाको लागि सवारी पञ्जीकृत भएको कम्पनी, सङ्घसंस्था वा फर्मको सिफारिसपत्र समेत पेस गर्नु पर्नेछ।

३८. मार्ग इजाजतपत्र स्थगितः (१) ऐनको दफा ८७, ८९, ९० र ९५ बमोजिम दिइएको मार्ग इजाजतपत्रको अवधि समाप्त हुनु अगावै वा सहुलियत म्यादभित्र मार्ग इजाजतपत्र स्थगित गर्नको लागि सवारी चल्न नसक्ने कारण खुलाई अनुसूची-३५ बमोजिमको ढाँचामा देहायका कागजात संलग्न राखी निवेदन दिनु पर्नेछः-

(क) चालु आर्थिक वर्ष सम्मको सवारी कर र आयकर चुक्ता प्रमाणपत्र,

(ख) मार्ग इजाजतपत्र र जाँचपासको सक्कल प्रमाणपत्र।

(२) मार्ग इजाजतपत्र स्थगित सवारीले पुनः मार्ग इजाजतपत्र माग गरेमा नियमानुसार दस्तुर लिई मार्ग इजाजत दिनु पर्नेछ।

३९. मार्ग इजाजतपत्रको निलम्बनः देहायका कार्य गरेमा अधिकार प्राप्त अधिकारीले सवारीको मार्ग इजाजतपत्र बढीमा छ महिनाको लागि निलम्बन गर्न सक्नेछः-

(क) ऐनको दफा ११७ विपरीत हुने गरी यात्रीवाहक सार्वजनिक सवारी चलाएमा,

(ख) यात्रीवाहक सवारीले मालसमान बोकेमा र मालबाहक सवारीले यात्री बोकेमा,

(ग) यात्रीवाहक सार्वजनिक सवारीले ऐनको दफा ११९ विपरीत यातायात सेवा सञ्चालन गरेमा,

(घ) सार्वजनिक सवारीले मार्ग इजाजतपत्र नलिई यातायात सेवा सञ्चालन गरेमा।

४०. मार्ग इजाजतपत्र रद्द गर्न सकिनेः (१) ऐनको दफा ९७ बमोजिम सवारीको मार्ग इजाजतपत्र बमोजिम रद्द गरी लगतकट्टा गर्न अनुसूची-३६ बमोजिम निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदनसाथ मार्ग इजाजतपत्र तथा जाँचपासको सक्कल प्रमाणपत्र र नियमानुसारको कर, दस्तुर तिरेको प्रमाण पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिमको निवेदनका सम्बन्धमा आवश्यक जाँचबुझ गरी लगतकट्टा गरी दर्ता किताबमा जनाउनु पर्नेछ।

४१. मार्ग इजाजतपत्रको नामसारीः मार्ग इजाजतपत्र प्राप्त गरेको सवारीको हक हस्तान्तरण भएपछि त्यस्तो मार्ग इजाजतपत्र स्वतः नामसारी भएको मानिनेछ।

४२. मार्ग इजाजतपत्र दर्ता किताबः मार्ग इजाजत, मार्ग परिर्वतन, पटके मार्ग इजाजत, मार्ग इजाजत नवीकरण, मार्ग इजाजत स्थगन तथा मार्ग इजाजत नामसारीको लगत अनुसूची-३७ बमोजिमको दर्ता किताबमा अद्यावधिक गर्नु पर्नेछ।

४३. मार्ग इजाजतपत्रको प्रतिलिपि दिनेः (१) मार्ग इजाजतपत्रको प्रतिलिपिको लागि कार्यालय समक्ष निवेदन दिनु पर्नेछ।



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(२) उपनियम (१) बमोजिम प्रतिलिपि माग भएमा कार्यालयले आवश्यक जाँचबुझ गरी मार्ग इजाजतपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४४. जाँचपास प्रमाणपत्रको लागि निवेदनः (१) सार्वजनिक सवारीको जाँचपास प्रमाणपत्र लिनका लागि सवारी सञ्चालन गर्नु अगावै अनुसूची-३८ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा कार्यालयले अनुसूची-३९ बमोजिमको ढाँचामा चेकजाँच गरी अनुसूची-४० बमोजिमको ढाँचामा जाँचपास प्रमाणपत्र दिनु पर्नेछ।

(३) प्रविधिक चेकजाँच गर्दा सवारीको अवस्था ठिक रहेको नदेखिएमा सात दिनको म्याद दिई आवश्यक मर्मत सम्भार गर्न लगाउनु पर्नेछ र मर्मत सम्भार गरेमा पुनः चेकजाँच गरी जाँचपास दिन सकिनेछ।

(४) जाँचपास प्रमाणपत्रको म्याद बहाल रहेको अवस्थामा अनुगमन गर्दा सवारी ठिक अवस्थामा रहेको नदेखिएमा सवारीको मर्मत सम्भार गर्न आदेश दिइनेछ र सो आदेशको पालना गर्नु सवारीधनीको कर्तव्य हुनेछ।

(५) उपनियम (४) बमोजिमको आदेश अनुरुप मर्मत सम्भार नगरी त्यस्तो सवारी चलाउन पाइने छैन।

४५. पुनः जाँचपास गराउनु पर्नेः (१) ऐनको दफा १०२ बमोजिम सवारीको पुनः जाँचपासको लागि नियमानुसारको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन प्राप्त भएमा सवारीको प्रविधिक चेकजाँच गरी मापदण्डभित्र रहेको भए जाँचपासको प्रमाणपत्र दिनु पर्नेछ।

४६. जाँचपास प्रमाणपत्र स्थगितः (१) ऐनको दफा १०१ र १०२ बमोजिम दिइएको जाँचपास प्रमाणपत्रमा उल्लिखित अवधि समाप्त हुनु अगावै सवारी चल्न नसक्ने कारण खुलाइ जाँचपास प्रमाणपत्र स्थगित गर्नको लागि निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम निवेदन पर्न आएमा आवश्यक जाँचबुझ गरी जाँचपास प्रमाणपत्र स्थगित गर्न सकिनेछ।

४७. जाँचपास प्रमाणपत्रको प्रतिलिपिः (१) सार्वजनिक सवारीको सक्कल जाँचपास प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कारणबाट नासिएमा जाँचपास प्रमाणपत्रको प्रतिलिपिको लागि प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित निवेदन दिनु पर्नेछ।

(२) जाँचपास प्रमाणपत्र हराएको अवस्थामा सम्बन्धित ट्राफिक प्रहरी कार्यालयको सिफारिस समेत पेस गर्नु पर्नेछ।

(३) उपनियम (१) बमोजिम निवेदन परेमा कार्यालयले जाँचबुझ गरी जाँचपास प्रमाणपत्रको प्रतिलिपि दिनु पर्नेछ।

४८. प्रदूषण परीक्षणः (१) प्रदेश राजपत्रमा सूचना प्रकाशित गरी प्रदूषणको मापदण्ड लागु गरिएको क्षेत्रमा सञ्चालन हुने





तोकिएको सवारीले प्रत्येक छ महिनामा प्रचलित कानुन बमोजिमको दस्तुर तिरी प्रदूषण जाँच गराउनु पर्नेछ।

तर विद्युतबाट चल्ने सवारीको प्रदूषण परीक्षण गर्न आवश्यक पर्ने छैन।

(२) प्रदूषण परीक्षणमा ठिक देखिएका सवारीलाई प्रमाणको रुपमा हरियो स्टिकर दिइ स्पष्ट रुपमा देखिने गरी सवारीमा टाँस गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम ठिक नदेखिका सवारीलाई मर्मत गर्न बढीमा पन्ध्र दिनको समय दिनु पर्नेछ।

(४) प्रदूषण जाँच गर्दा ठिक नदेखिएका सवारी साधन मर्मतका लागि वर्कसपमा लैजाने कार्य बाहेक अन्य प्रयोजनका लागि सञ्चालन गर्न पाइने छैन।

(५) सवारीको स्थलगत निरीक्षण गर्दा प्रदूषण मापदण्डभित्र नरहेका र प्रदूषण जाँच नगराएका सवारीलाई ऐनको दफा १८१ को उपदफा (३) बमोजिम जरिवाना गरी मर्मत गर्नु परेमा सोसमेत गर्न लगाई अधिकार प्राप्त अधिकारीले प्रदूषण जाँच गराउन आदेश दिन सक्नेछ।

(६) सवारीको प्रदूषण जाँच गर्दा मापदण्डभित्र रहे नरहेका सवारीको छुट्टाछुट्टै अभिलेख राख्नु पर्नेछ।

४९. जाँचपास किताबः सवारीलाई जाँचपास प्रमाणपत्र दिइएको, पुनः जाँचपास गरिएको र जाँचपास स्थगित गरिएको बेहोराको अभिलेख अनुसूची-४१ बमोजिम राख्नु पर्नेछ।

५०. <u>यातायात सेवाको नाम पञ्जीकृत गर्नेः</u> (१) ऐनको दफा १०८ बमोजिम यातायात सेवाको नाम पञ्जीकृत गरी यातायात सेवा सञ्चालन गर्न देहाय बमोजिमको कागजात सहित अनुसूची-४२ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) प्रोप्राइटर, साझेदार वा सञ्चालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ख) यातायात सेवा अन्तर्गत रहेका सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ग) यातायात सेवाको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,

(घ) यातायात सेवाको प्रबन्धपत्र र नियमावली,

(ङ) सवारी चालक र परिचालकको व्यक्तिगत विवरण खुलेको प्रमाण ।

(२) यातायात सेवा पञ्जीकृत गर्ने सञ्चालक वा कम्पनी वा फर्म वा व्यक्तिको नाममा कम्तीमा एउटा सवारी अनिवार्य हुनु पर्नेछ।

(३) उपनियम (२) बमोजिमको सञ्चालक वा कम्पनी वा फर्म वा व्यक्ति लाई अनुसूची-४४ बमोजिमको ढाँचामा यातायात सेवा सञ्चालन अनुमतिपत्र दिनु पर्नेछ।

यातायात सेवा पञ्जीकृत गर्ने

(४) कुनै सवारीधनी वा व्यवस्थापकको रितपूर्वकको करारनामामा उल्लिखित सवारीको करार अवधिभर पञ्जीकरण





गरिनेछ र त्यस्तो सवारी पञ्जीकृत भएकै संस्थाबाट सञ्चालित हुनु पर्नेछ।

(५) कुनै कम्पनी वा फर्ममा आवद्ध भई यातायात सेवामा पञ्जीकृत भएको सवारी त्यस्तो कम्पनी वा फर्मसँगको आवद्धता परित्याग नगरेसम्म पुनः अर्को यातायात सेवाको नाममा पञ्जीकृत गर्न पाइने छैन।

(६) उपनियम (४) बमोजिमको व्यवस्था उल्लंघन गरेमा ऐनको दफा १८१ को उपदफा (३) बमोजिम जरिवाना गरी साविक पञ्जीकृत भएको यातायात सेवाको नाममा कायम गर्नु पर्नेछ।

(७) सार्वजनिक सवारीको जाँचपास भएको मितिले सात दिनभित्र यातायात सेवाको नाम पञ्जीकृत गरी सक्नु पर्नेछ र सो म्याद नघाइ पञ्जीकृत गर्न आएमा ऐनको दफा १८१ को उपदफा (३) बमोजिम जरिवाना गरी पञ्जीकृत गर्नु पर्नेछ।

(८) यातायात सेवामा सवारी थप गर्नुपर्ने भए सेयर प्रमाणपत्र सहित निवेदन दिएमा प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर लिई सो सवारी पञ्जीकृत गर्नु पर्नेछ।

(९) सरकारी तथा अर्धसरकारी निकायले सार्वजनिक यातायात सेवा सञ्चालन गरेमा त्यस्तो सेवा सञ्चालन गर्ने निकायले यातायात सेवाको पञ्जीकरण गर्नु पर्नेछ।

(१०) उपनियम (१) बमोजिमको निवेदनमा जाँचबुझ गर्दा उपयुक्त देखिएमा यातायात सेवा सञ्चालन गर्न अनुमति दिइ अनुसूची-४३ बमोजिमको ढाँचाको किताबमा दिनु पर्नेछ।

५१. <u>पञ्जीकृत सेवाबाट हट्न सक्ने:</u> (१) यातायात सेवामा पञ्जीकृत गरिएको सवारी देहायको अवस्थामा स्वतः हट्न सक्नेछः-

(क) उत्पादन मितिले सवारीको अवधि बिस वर्ष पूरा भएमा,

(ख) दुर्घटनामा परी सवारी सञ्चालनमा ल्याउन नसक्ने भएमा,

(ग) करारनामाको अवधि समाप्त भएमा ।

(२) यातायात सेवा र सवारीधनी वा व्यवस्थापकले कुनै सवारी पञ्जीकृत सेवाबाट हटाई पाउँ भनी निवेदन दिएमा कार्यालयले आवश्यक जाँचबुझ गरी पञ्जीकृत सेवाबाट हटाइ सोको जानकारी निवेदकलाई दिनु पर्नेछ।

५२. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नवीकरण</u>ः (१) यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको अवधि समाप्त भएपछि नवीकरणको लागि प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर, यसअघि दर्ता भएको वा नवीकरण भएको प्रमाणपत्र, लेखापरीक्षण प्रतिवेदन, कर चुक्ता प्रमाणपत्र सहित कार्यालयमा अनुसूची-४५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन जाँचबुझ गर्दा उपयुक्त देखिएमा यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम यातायात सेवा सञ्चालन गर्न अनुमतिपत्र नवीकरण गरिएको बेहोरा अनुसूची-४३ बमोजिमको पञ्जीकृत किताबमा जनाउनु पर्नेछ।





५३. <u>यातायात सेवा सञ्चालन अनुमति स्थगित गर्ने</u>ः (१) यातायात सेवा सञ्चालन गर्ने अनुमति प्राप्त सवारीधनी वा व्यवस्थापकले यातायात सेवा सञ्चालन गर्न नसक्ने भएमा स्वीकृतिको लागि कार्यालयमा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदनउपर कार्यालयले जाँचबुझ गर्दा स्थगित गर्न उपयुक्त देखिएमा अनुसूची-४६ बमोजिमको ढाँचामा अनुमतिपत्र दिई अनुसूची-४३ बमोजिमको ढाँचामा अभिलेख राख्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम स्थगित रहेको अवधिभित्र यातायात सेवा पुनः सञ्चालन गर्ने अनुमतिको लागि नियम ५० मा उल्लिखित कागजातहरू संलग्न गरी कार्यालयमा निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको निवेदनमा आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा यातायात सेवा पुनः सञ्चालन अनुमतिपत्र दिई अनुसूची-४३ बमोजिमको किताबमा अभिलेख राख्नु पर्नेछ।

५४. <u>यातायात सेवा सञ्चालन गर्ने अनुमतिपत्रको नामसारी</u>ः यातायात सेवा सञ्चालनको लागि पञ्जिकृत रहेको यातायात सेवाको अनुमतिपत्र नामसारी गर्न अनुसूची-४७ बमोजिमको ढाँचामा निवेदन दिएमा आवश्यक जाँचबुझ गरी कार्यालयले नामसारी गर्नु पर्नेछ।

५५. <u>यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचयपत्र</u>ः सार्वजनिक सवारी सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाको

यात्री टिकट बिक्री गर्ने व्यक्तिले लगाउने परिचयपत्रको ढाँचा अनुसूची-४८ बमोजिम हुनेछ।

५६. यात्री टिकटको ढाँचाः यात्रीवाहक सार्वजनिक सेवा सञ्चालन गर्ने पञ्जीकृत यातायात सेवाले प्रयोग गर्ने यात्री टिकटको ढाँचा अनुसूची-४९ बमोजिम हुनेछ।

५७. यात्रीसूचीः (१) लामो वा मध्यम दूरीमा सञ्चालन हुने सार्वजनिक सवारीले अनुसूची-५० बमोजिमको ढाँचामा यात्रीसूची तयार गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको यात्रीसूचीमा यात्राको बीचमा चढ्ने नयाँ यात्रीको नाम समेत समावेश गरी त्यस्तो यात्रीसूचीको एक प्रति मार्गको गन्तव्यमा पर्ने नजिकको प्रहरी चौकीलाई दिनु पर्नेछ।

## परिच्छेद-६

## बिमा सम्बन्धी व्यवस्था

५८. यातायात सेवामा काम गर्ने कर्मचारीको बिमाः (१) यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थापकले ऐनको दफा १६४ बमोजिम दुर्घटना बिमा गराउँदा सो यातायात सेवामा संलग्न सवारी चालक, परिचालक तथा अन्य कर्मचारीको सवारी दुर्घटनाको कारणबाट हुने मृत्यु, अङ्गभङ्ग तथा उपचार वापत यस नियममा उल्लेख भए बमोजिमको रकमको बिमा गराउनु पर्नेछ।





(२) उपनियम (१) बमोजिम बिमा गराउँदा मृत्युको हकमा कम्तीमा दश लाख रुपैयाँको बिमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी दुर्घटना भई उपनियम (१) मा उल्लिखित कुनै व्यक्तिको मृत्यु भएमा सवारीधनी वा व्यवस्थापकले परम्परा अनुसारको काज किरिया खर्च वापत मृतकको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो सवारीधनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग वापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | पूर्ण अशक्तता | सात लाख पचास हजार रुपैयाँ |
| (ख) | दुबै आँखाको दृष्टि गुमेमा | सात लाख पचास हजार रुपैयाँ |
| (ग) | दुबै हातको नाडी वा दुबै खुट्टाको गोली गाँठोको जोर्नी वा सो भन्दा माथिको भाग बेकम्मा भएमा | पाँच लाख रुपैयाँ |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्ण रूपले गुमेमा | पाँच लाख रुपैयाँ |

| | | |
|---|---|---|
| (ङ) | एउटा आँखाको दृष्टि पूर्ण रूपले गुमेमा | दुई लाख पचास हजार रुपैयाँ |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | दुई लाख पचास हजार रुपैयाँ |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बिमा रकम |

(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च वा विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

(क) तीन लाख रुपैयाँसम्मको वास्तविक उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँको दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

५९. यात्री बिमाः (१) यातायात सेवा सञ्चालन गर्ने सवारीधनी वा व्यवस्थाकले ऐनको दफा १६५ बमोजिम यात्री दुर्घटना बिमा गराउँदा यात्रीवाहक सवारी साधनको हकमा सो सवारी साधनको सिट सङ्ख्या अनुपातमा र मालबाहक सवारी





साधनको हकमा सो सवारी साधनको दर्ता प्रमाणपत्रमा उल्लेख भए बमोजिमको सिट सङ्ख्या बराबरको सङ्ख्यामा यात्रीको मृत्यु, अङ्गभङ्ग तथा उपचार खर्च बापत बिमा गराउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिमा गराउँदा सवारी दुर्घटनाबाट मृत्यु हुने प्रत्येक यात्रीको लागि दश लाख रुपैयाँको बिमा गराउनु पर्नेछ।

(३) यातायात सेवामा संलग्न कुनै सवारी साधन दुर्घटना भई यात्रीको मृत्यु भएमा त्यस्तो सवारीधनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसार काज किरिया खर्च बापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र त्यस्तो रकम सवारीधनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | पूर्ण अशक्तता | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |
| (ख) | दुबै आँखाको दृष्टि गुमेमा | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |
| (ग) | दुबै हातको नाडी वा दुबै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |

| | | |
|---|---|---|
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्णरूपले गुमेमा | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |
| (ङ) | एउटा आँखाको दृष्टि पूर्णरूपले गुमेमा | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | उपनियम (२) बमोजिमको बिमा रकमको शतप्रतिशत |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बिमा रकम |

(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउचोटको उपचार खर्च, बिरामी कुरुवा खर्च र विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

(क) तीन लाख रुपैयाँ सम्मको उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।





(६) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि सवारी साधनमा रहेको सिट सङ्ख्याभन्दा बढी सङ्ख्यामा यात्री सवार गराउने कुनै सवारी साधन दुर्घटना भई सिट बिना यात्रा गर्ने यात्रीको मृत्यु वा अङ्गभङ्ग भएमा वा त्यस्ता यात्री घाइते भएमा त्यस्तो सवारीधनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बिमा रकम बराबरको रकम मृतकको हकवाला वा अङ्गभङ्ग भएको व्यक्ति वा घाइतेलाई क्षतिपूर्ति वापत दिनु पर्नेछ।

६०. <u>तेस्रो पक्षको बिमा</u>ः (१) सवारी दुर्घटनाबाट हुने तेस्रो पक्षको मृत्यु, अङ्गभङ्ग, घाउचोट वा सम्पत्तिको नोक्सानी वापत क्षतिपूर्ति दिने प्रयोजनको लागि सवारीधनी वा व्यवस्थापकले मृत्यु, अङ्गभङ्ग, घाउचोट र सम्पत्ति हानिनोक्सानीको लागि न्यूनतम पचास लाख रुपैयाँ रकमको बिमा गर्नु पर्नेछ।

(२) उपनियम (१) बमोजिम बिमा गराउँदा प्रत्येक तेस्रो पक्षको मृत्युको लागि उपनियम (१) मा उल्लिखित रकमको अधीनमा रही न्यूनतम पाँच लाख रुपैयाँ उपलब्ध हुने गरी बिमा गराउनु पर्नेछ।

(३) कुनै सवारी दुर्घटना भई तेस्रो पक्षको मृत्यु भएमा त्यस्तो सवारीधनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसार काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र सो रकम त्यस्तो धनी वा व्यवस्थापकले उपनियम (२) बमोजिमको बिमा रकमबाट सोधभर्ना लिन सक्नेछ।

(४) उपनियम (१) बमोजिम बिमा गराउँदा अङ्गभङ्ग बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

| | | |
|---|---|---|
| (क) | पूर्ण अशक्तता | पाँच लाख रुपैयाँ |
| (ख) | दुबै आँखाको दृष्टि गुमेमा | पाँच लाख रुपैयाँ |
| (ग) | दुबै हातको नाडी वा दुबै खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | पाँच लाख रुपैयाँ |
| (घ) | एउटा हातको नाडी, एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथि र एउटा आँखाको दृष्टि पूर्णरूपले गुमेमा | पाँच लाख रुपैयाँ |
| (ङ) | एउटा आँखाको दृष्टि पूर्णरूपले गुमेमा | पाँच लाख रुपैयाँ |
| (च) | एउटा हातको नाडी वा एउटा खुट्टाको गोली गाँठोको जोर्नी वा सोभन्दा माथिको भाग बेकम्मा भएमा | पाँच लाख रुपैयाँ |
| (छ) | अन्य कुनै अङ्गभङ्ग भएमा | मान्यता प्राप्त चिकित्सकले निर्धारण गरेको क्षति अनुसारको मनासिब बिमा रकम |





(५) उपनियम (१) बमोजिम बिमा गराउँदा घाउ चोटको उपचार खर्च, बिरामी कुरुवा वा विविध खर्च बापत देहाय बमोजिमको बिमा गराउनु पर्नेछः-

(क) तीन लाख रुपैयाँसम्मको उपचार खर्च,

(ख) अस्पताल भर्ना भएको अवधिको लागि प्रति दिनको पाँच सय रुपैयाँका दरले बढीमा तीस दिनसम्मको लागि कुरुवा खर्च र विविध खर्च।

६१. <u>बिमाको प्रमाणपत्र र बिमालेख</u>ः सवारीधनी वा व्यवस्थापकले यस परिच्छेद बमोजिम गराएको बिमाको प्रमाणपत्र र बिमालेखको प्रमाणित प्रतिलिपि सम्बन्धित सवारी साधनमा राख्नु पर्नेछ।

६२. <u>बिमाको प्रमाणपत्र र बिमालेखको दाखिला</u>ः कुनै सवारीको दुर्घटना भएमा बिमाको प्रमाणपत्र र बिमालेख दुर्घटना स्थलको सम्बन्धित प्रहरी कार्यालय मार्फत् सम्बन्धित बिमा कम्पनी समक्ष बुझाउनु पर्नेछ।

६३. <u>बिमा रकम उपलब्ध गराउने अधिकार र अवधि</u>ः बिमाको प्रमाणपत्र र बिमालेख प्राप्त भएपछि सम्बन्धित बिमा कम्पनीले यस परिच्छेद बमोजिमको बिमाको रकम दुघर्टनाबाट मृत्यु भएमा दुर्घटना भएको पैंतीस दिनभित्र मृतकको हकवालालाई र अन्य अवस्थामा नब्बे दिनभित्र सम्बन्धित व्यक्तिलाई सम्बन्धित सवारीधनी वा व्यवस्थापकको रोहवरमा बिमाबाट प्राप्त रकम उपलब्ध गराउनु पर्नेछ।

६४. <u>बिमा सम्बन्धमा सवारीधनी वा व्यवस्थापकको दायित्वः</u> (१) कुनै सवारी दुर्घटनामा परी मानिसको मृत्यु भएमा सवारीधनी वा व्यवस्थापकले प्रत्येक मृतकको परम्परा अनुसार काज किरिया खर्च वापत निजको हकवालालाई तत्काल पचास हजार रुपैयाँ उपलब्ध गराउनु पर्नेछ र क्षतिपूर्ति वापतको बाँकी रकम अदालतको थुनछेक आदेश भएको मितिले पैंतीस दिनभित्र सवारीधनी वा व्यवस्थापकले बिमा दावी गरी बिमा कम्पनीबाट प्राप्त रकम अधिकार प्राप्त अधिकारीको रोहवरमा मृतकको नजिकको हकवालालाई बुझाउनु पर्नेछ।

(२) यस नियममा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सवारीधनी वा व्यवस्थापकले यस नियममा उल्लिखित बिमा रकमभन्दा बढी बिमाङ्क रकम कायम गरी बिमा गर्न यो नियमले बाधा पुऱ्याएको मानिने छैन।

## परिच्छेद-७

## <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सञ्चालन</u>

६५. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सम्बन्धी व्यवस्थाः</u> (१) ऐनको दफा १७७ बमोजिम अनुमति लिन देहाय बमोजिमको कागजात तथा प्रदेश आर्थिक ऐन बमोजिमको दस्तुर सहित मन्त्रालय समक्ष अनुसूची-५१ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछः-

(क) प्रोप्राइटर, साझेदार वा प्रथम सञ्चालकहरूको नागरिकताको प्रमाणपत्र,



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(ख) यस अघि अन्य कुनै नामबाट सञ्चालन भएको भए त्यसको दर्ता प्रमाणपत्र, आयकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्र,

(ग) कम्पनी ऐन बमोजिम दर्ता भएको भए प्रबन्धपत्र र नियमावली,

(घ) काम गर्ने कर्मचारी, चालक तथा अन्य कामदारको नागरिकता प्रमाणपत्रसहित अन्य व्यक्तिगत विवरण खुलेको कागजात,

(ङ) प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन रहने स्थानको नक्सा, भवन र जग्गाधनी दर्ता प्रमाण पूर्जाको प्रतिलिपि वा घर जग्गा भाडामा लिएको भएमा घरभाडा सम्झौताको प्रमाण,

(च) प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सञ्चालन गर्ने व्यक्ति, कम्पनी वा फर्मले लिएको सम्बन्धित स्थानीय तहको सिफारिस,

(छ) प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सम्बन्धी प्रविधिक प्रतिवेदन।

(२) उपनियम (१) बमोजिमको निवेदनमा मन्त्रालयले आवश्यक जाँचबुझ गर्दा उपयुक्त देखिएमा प्रशिक्षण केन्द्र,

कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन दर्ता गरी अनुसूची-५२ बमोजिमको ढाँचामा अभिलेख राखी अनुसूची-५३ बमोजिमको ढाँचामा अनुमतिपत्र दिनु पर्नेछ ।

(३) यो नियमावली प्रारम्भ भएपछि प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन राष्ट्रिय राजमार्ग देखि पचास मिटरको दूरी भन्दा कममा सञ्चालन गर्न पाइने छैन।

(४) कार्यालयबाट सञ्चालन गरिने चालक अनुमतिपत्रको प्रयोगात्मक परीक्षास्थललाई बाधा पर्ने गरी निजी क्षेत्रबाट प्रशिक्षण केन्द्र सञ्चालन गर्न पाइने छैन।

(५) यो नियमावली प्रारम्भ हुनुभन्दा अघि दर्ता भई सञ्चालनमा रहेका प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनले यो नियमावली प्रारम्भ भएको मितिले छ महिनाभित्र प्रचलित कानुनले तोके बमोजिमको मापदण्ड पूरा गर्नु पर्नेछ।

(६) उपनियम (५) बमोजिमको मापदण्ड पूरा गरेमा अनुमतिपत्र नवीकरण गर्नु पर्नेछ र सो बमोजिम नभएमा ऐनको दफा १७८ बमोजिम निलम्वन गरिनेछ ।

(७) उपनियम (६) बमोजिम निलम्वनमा रहेको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनले निलम्वन भएको एक वर्षभित्र मापदण्ड पूरा गरी आएमा ऐनको दफा १८१ को उपदफा (२)को खण्ड (घ) बमोजिम जरिवाना गरी नवीकरण गर्नु पर्नेछ।





(८) उपनियम (७) बमोजिमको अवधिभित्र नवीकरण नगराएमा कार्यालयले प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको अनुमति खारेज गर्न सक्नेछ ।

६६. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको नवीकरण:</u> (१) प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको अनुमतिपत्रको म्याद नाघेको पैंतिस दिनभित्र नवीकरणको लागि प्रचलित कानुन बमोजिमको दस्तुर बुझाइ नवीकरण रहेको दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रसहित अनुसूची-५४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिमको निवेदन प्राप्त भएपछि कार्यालयले जाँचबुझ गरी नवीकरण गर्नु पर्नेछ ।

(३) उपनियम (१) बमोजिमको म्याद नाघेको एक वर्षसम्म एक सय प्रतिशत, दुई वर्षसम्म दुई सय प्रतिशत, तीन वर्षसम्म तीन सय प्रतिशत, चार वर्षसम्म चार सय प्रतिशत र पाँच वर्षसम्म पाँच सय प्रतिशत दस्तुर लिई त्यस्तो दर्ताको प्रमाणपत्र नवीकरण गर्नु पर्नेछ। उक्त अवधि समाप्त भएपछि त्यस्तो प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको दर्ताको प्रमाणपत्र स्वतः खारेज हुनेछ।

(४) उपनियम (३) बमोजिम खारेज भएको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको विवरण दर्ता कितावमा अभिलेख जनाई लगत कट्टा गर्नु पर्नेछ।

६७. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको नामसारी:</u> (१) कुनै कम्पनी, फर्म वा व्यक्तिको नाममा दर्ता

भएको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको नामसारी गराउन नियम ६५ को उपनियम (१) बमोजिमको कागजात संलग्न गरी प्रचलित कानुन बमोजिमको कर, दस्तुर सहित अनुसूची-५३ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) कम्पनी, फर्मको प्रोप्राइटर वा व्यक्तिको मृत्यु भई मृतकको नामबाट निजको हकवालाको नाममा नामसारी गर्नु परेमा निजको मृत्युदर्ताको प्रमाणपत्र, निजसँगको नाता खुल्ने प्रमाणपत्र, मृतकको हकवाला हो भन्ने सम्बन्धित स्थानीय तहको सिफारिसपत्र समेत संलग्न गर्नु पर्नेछ।

(३) प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको हक बेहक वा अन्य कारणबाट अदालतमा मुद्दा विचाराधीन रहेको अवस्थामा प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको नामसारी गरिने छैन।

(४) उपनियम (१) वा (२) बमोजिमको निवेदनमा आवश्यक जाँचबुझ गरी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन नामसारी गरिदिनु पर्नेछ।

(५) उपनियम (४) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन नामसारी भएको विवरण दर्ता किताबमा अभिलेख राखी अनूसूची-५३ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ।

६८. प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको ठाउँसारीः (१) कुनै कम्पनी, फर्म वा व्यक्तिको नाममा दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको





ठाँउसारी गराउन चाहेमा प्रोप्राइटरले प्रचलित कानुन बमोजिमको कर, दस्तुर सहित अनुसूची-५४ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम देहायको अवस्थामा ठाँउसारी गर्न सकिनेछः-

(क) जग्गा भाडा वा लिजमा लिएको अवधिको म्याद समाप्त भएमा,

(ख) कुनै प्रकोप वा विपद्को कारणबाट पुनःसोही ठाँउमा सञ्चालन गर्न सम्भव नभएको भनी सम्बन्धित स्थानीय तहबाट सिफारिस भई आएमा,

(ग) प्रचलित मापदण्ड पूरा गर्नुपर्ने भएमा,

(घ) वातावरणमा खलल पर्न गई सर्वसाधारणको स्वास्थ्यमा गम्भीर असर पर्न गएको भनी सम्बन्धित निकायले पुष्टि हुने आधार र कारण सहित सिफारिस गरेमा।

(३) उपनियम (१) बमोजिमको निवेदनमा जाँचबुझ गर्दा प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको ठाँउसारी गर्न उपयुक्त देखिएमा स्वीकृति दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिम प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन ठाँउसारी भएको विवरण अनूसूची-५२ बमोजिमको दर्ता कितावमा अभिलेख राखी अनूसूची-५३ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ।

६९. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको वर्गीकरण</u>ः (१) नियम ६५ बमोजिम दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सञ्चालन गर्ने फर्म, कम्पनी वा संस्थालाई पुँजी, प्रविधि, गुणस्तर, जनशक्ति तथा अन्य कुराको आधारमा प्रचलित मापदण्ड बमोजिम वर्गीकरण गरिनेछ।

(२) उपनियम (१) बमोजिम वर्गीकृत फर्म, कम्पनी वा संस्थाले पालना गर्नुपर्ने शर्त तथा कायम गर्नुपर्ने गुणस्तर कायम गरे नगरेको सम्बन्धमा मन्त्रालय वा कार्यालयले आवश्यकता अनुसार समय समयमा निरीक्षण गरी निर्देशन दिन सक्नेछ।

(३) यो नियमावली प्रारम्भ हुनुअघि दर्ता भएको प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनले यो नियमावली प्रारम्भ भएको मितिले छ महिना भित्र वर्गीकरणको लागि निवेदन दिनु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको म्याद समाप्त भएपछि वर्गीकरणको लागि निवेदन पेस हुन आएमा ऐनको दफा १८१ को उपदफा (२) को खण्ड (ग) बमोजिम जरिवाना गरी प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको वर्गीकरण गर्नु पर्नेछ।

(५) उपनियम (१) र (४) बमोजिम वर्गीकरण भएका प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनलाई प्रमाणपत्र दिनु पर्नेछ।





७०. <u>प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसनको प्रमाणपत्र स्वतः रद्द हुनेः</u> (१) नियम ६६ बमोजिमको अवधिभित्र प्रशिक्षण केन्द्र, कारखाना, वर्कसप र चार्जिङ्ग स्टेसन सञ्चालन गर्न पाउने प्रमाणपत्र नवीकरण नगराएमा त्यस्तो प्रमाणपत्र स्वतः रद्द हुनेछ र सोको विवरण अनुसूची-५२ बमोजिमको दर्ता किताबमा जनाउनु पर्नेछ।

(२) उपनियम (१) बमोजिम रद्द भएको प्रमाणपत्रको लगत कट्टा गर्नु पर्नेछ।

(३) उपनियम (२) बमोजिम लगत कट्टा भएको प्रमाणपत्र पुनः नवीकरण गर्न पाइने छैन।

## परिच्छेद-८
## <u>भाडा निर्धारण समिति सम्बन्धी व्यवस्था</u>

७१. <u>भाडादर निर्धारण समितिः</u> ऐनको दफा १११ बमोजिम प्रदेशभर कुनै मार्गमा यातायात सेवा सञ्चालन गर्ने यात्रीवाहक तथा मालबाहक सार्वजनिक सवारीले लिने भाडादर निर्धारणको लागि सिफारिस गर्न मन्त्रालयले देहायको भाडादर निर्धारण समिति गठन गर्नेछः-

(क) मन्त्रालयले तोकेको सचिव वा नवौं वा दशौं तहको अधिकृत - संयोजक

(ख) आर्थिक मामिला मन्त्रालयले तोकेको कम्तीमा सातौं वा आठौं तहको अधिकृत - सदस्य

- सदस्य

(ग) मन्त्रालयले तोकेको यातायात व्यवस्था कार्यालय प्रमुख

(घ) सार्वजनिक यातायात सेवा सञ्चालन गर्ने सञ्चालक वा व्यवस्थापकहरू मध्येबाट मन्त्रालयले तोकेको दुई जना प्रतिनिधि - सदस्य

(ङ) मन्त्रालय वा कार्यालयमा कार्यरत मेकानिकल इन्जिनियर -सदस्य

(च) मन्त्रालयको यातायात शाखा हेर्ने अधिकृत -सदस्य सचिव

७२. भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकार: भाडादर निर्धारण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) प्रदेशस्तरमा सार्वजनिक सवारीले लिने भाडादरका सम्बन्धमा अध्ययन तथा विश्लेषण गर्ने,

(ख) मर्यादित, स्वच्छ, यात्रीमैत्री तथा प्रतिस्पर्धात्मक रूपमा यातायात सेवा सञ्चालन गर्न यातायात व्यवस्था विभागको मापदण्डलाई आधार लिई मन्त्रालयसमक्ष भाडादरको सिफारिस गर्ने,



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(ग) भाडादरको विषयमा आइपर्ने समस्याका सम्बन्धमा मन्त्रालयलाई आवश्यक राय, परामर्श दिने,

(घ) सार्वजनिक सवारीलाई दिने मार्ग इजाजतपत्रको सम्बन्धमा भौगोलिक आधारमा समेत भाडादरलाई वैज्ञानिक बनाउने,

(ङ) आवश्यकता अनुसार मूल्यवृद्धिको तुलनात्मक अध्ययन गरी भाडादर समायोजनका लागि सिफारिस गर्ने।

## परिच्छेद-९
## यातायात सेवाका कर्मचारीको काम, कर्तव्य र सुविधा सम्बन्धी व्यवस्था

७३. सवारी चालक तथा परिचालकको काम र कर्तव्य: (१) यातायात सेवामा काम गर्ने सवारी चालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) आफ्नो जिम्मामा रहेको सवारी हिफाजतसाथ चलाउने,

(ख) सवारी सञ्चालन सम्बन्धमा सवारीधनी वा व्यवस्थापकले दिएको आदेश तथा निर्देशन इमान्दारीपूर्वक पालना गर्ने,

(ग) आफूले चलाएको सवारीधनी वा व्यवस्थापकको बिना स्वीकृति सवारी अरु कसैलाई चलाउन नदिने,

(घ) सवारी चलाउँदा प्रचलित कानुनले निषेध गरेका कार्य नगर्ने,

(ङ) सवारीको परिचालकलाई काम, कर्तव्यको पालना गर्न लगाउने,

(च) सवारीको यान्त्रिक स्थिति, सडकको अवस्था, ट्राफिक सङ्केत नभएको जस्ता कारणबाट सवारी आवागमनमा कठिनाई उत्पन्न भए सोको जानकारी सम्बन्धित सवारीधनी वा व्यवस्थापक, मन्त्रालय वा कार्यालयलाई दिने।

(२) यातायात सेवामा काम गर्ने सवारी परिचालकको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-

(क) यात्रीसँग शिष्ट व्यवहार गर्ने,

(ख) यात्रीको मालसामानको सुरक्षाको लागि उचित प्रबन्ध गर्ने र सवारीमा छुट्न गएको मालसामान सम्बन्धित यात्री फेला परेमा निजलाई र फेला नपरेमा नजिकको प्रहरी वा आफू कार्यरत कार्यालयको जिम्मेवार व्यक्तिलाई दिने,



खण्ड ७) संख्या ७, प्रदेश राजपत्र भाग २ मिति २०८०।०६।१८

(ग) महिला, ज्येष्ठ नागरिक, नाबालिग तथा अशक्त व्यक्तिलाई यात्रा सुविधाको बन्दोबस्त गर्ने,

(घ) प्रचलित कानुन तथा सुरक्षाको दृष्टिकोणले निषेधित वस्तु सवारीमा राखेको थाहा हुन आएमा नजिकको प्रहरीलाई सूचना गर्ने,

(ङ) सवारी निर्माता कम्पनीले निर्धारण गरेको सवारीको वजनको हदको सीमा नाघ्ने गरी सवारीमा मालसामान राख्न नदिने,

(च) सवारीको पार्किङ्ग स्थलमा यात्री ओराल्ने र चढाउने कार्यमा आवश्यक सहयोग गर्ने,

(छ) सवारी चलाउँदाको अवस्थामा हुन सक्ने सम्भावित दुर्घटना प्रति यात्री तथा चालकलाई समयमै सचेत गराउने र सवारीको यान्त्रिक स्थिति ठिक नभएमा सोको जानकारी सवारी चालक, सवारीधनी वा व्यवस्थापकलाई दिने,

(ज) सवारीधनी वा व्यवस्थापकले दिएको सवारी सञ्चालन सम्बन्धी आदेशको पालना गर्ने,

(झ) सवारी चलाउँदा चालकलाई आवश्यक अन्य सहयोग गर्ने ।

७४. यातायात सेवामा काम गर्ने कर्मचारीको पारिश्रमिक, सेवाका शर्त र सुविधाः यातायात सेवामा काम गर्ने कर्मचारीको पारिश्रमिक, सेवा शर्त र सुविधा सम्बन्धी व्यवस्था श्रम ऐन, २०७४, श्रम नियमावली, २०७५ र अन्य प्रचलित कानुन बमोजिम हुनेछ।

## परिच्छेद-१०
## विविध

७५. यातायात क्षेत्रको निरीक्षण तथा अनुगमनः (१) मन्त्रालयले तोकेको कार्यक्षेत्रभित्र रहेको सम्बन्धित ट्राफिक प्रहरीको सहभागितामा कार्यालयले यातायात सञ्चालन तथा व्यवस्थापनको अनुगमन गर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुगमन गर्दा देहायका विषयमा ध्यान दिनु पर्नेछः-

(क) सवारीको प्रयोग प्रयोजन अनुसार भए नभएको,

(ख) सवारी दर्ता गरी चलाए नचलाएको,

(ग) विदेशमा दर्ता भएको सवारी अनुमति लिएर सञ्चालन गरे नगरेको,

(घ) सवारीको रङ्ग, सिट, स्वरूप, इन्जिन वा चेसिस आदिमा हेरफेर गरे नगरेको,

(ङ) चालकको सवारी चालक अनुमतिपत्र भए नभएको,





(च) सवारी चालक अनुमतिपत्र, सवारी दर्ता किताब, जाँचपास, मार्ग इजाजतपत्र आदिको नवीकरण भए नभएको,

(छ) भाडाका सवारीको मार्ग इजाजतपत्र भए नभएको,

(ज) तोकिएभन्दा बढी भाडा लिए नलिएको, यात्री टिकट दिए नदिएको,

(झ) तोकिएभन्दा बढी यात्री वा मालसामान बोके नबोकेको,

(ञ) आवागमनमा बाधा पुग्ने गरी मालसामान वा सवारी राखे नराखेको,

(ट) मार्ग अनुशासन (लेनको नियम) पालना गरे नगरेको,

(ठ) चालक र परिचालकको परिचयपत्र भए नभएको,

(ड) बालश्रम प्रयोग गरे नगरेको,

(ढ) भाडामा छुट सुविधा दिए नदिएको,

(ण) यात्रीसँग व्यवहार राम्रो भए नभएको,

(त) सवारी नम्बर प्लेटमा लेखिने अङ्क र सङ्केत बाहेक सवारीको बाहिरी भागमा कुनै सङ्केत, अक्षर, आकृति आदि लेखे नलेखेको,

(थ) यात्रीवाहक सवारीले व्यवसायिक मालसमान बोके नबोकेको,

(द) मालवाहक सवारीले यात्री ओसारपसार गरे नगरेको,

(ध) सवारीको अवस्था प्रचलित सवारी परीक्षण तथा निरीक्षण निर्देशिका बमोजिम भए नभएको,

(न) नेपाल सरकार र प्रदेश सरकारबाट समय समयमा जारी भएका आदेशको पालना भए नभएको,

(प) यात्रीवाहक सार्वजनिक सवारीको छतमा सामान राख्ने ठाउँ (रूफ क्यारियर) भए नभएको,

(फ) फोहरमैला सङ्कलन गर्ने डस्टबिन भए नभएको,

(ब) प्राथमिक उपचार (फस्ट एड) सामग्री भए नभएको,

(भ) आगो निभाउने यन्त्र (फायर एक्स्टिङगुइसर) भए नभएको,

(म) समय समयमा सवारी डिसइन्फेक्ट गरे नगरेको।

(३) उपनियम (१) बमोजिम अनुगमन गर्दा उपभोक्ताको हित संरक्षणसँग सम्बन्धित कार्यालयको प्रतिनिधि, यातायात मजदुर प्रतिनिधि, स्थानीय तहको प्रतिनिधि, सवारी





तथा यातायात व्यवसायीको प्रतिनिधि र अन्य सम्बन्धित सरोकारवालालाई समेत समावेश गर्न सकिनेछ।

(४) मन्त्रालयले यातायात क्षेत्रको सञ्चालन, व्यवस्थापनको अनुगमन तथा निरीक्षणको लागि मातहतका कर्मचारीलाई तोकिएको ठाउँमा खटाउन सक्नेछ।

७६. <u>कारबाहीको सिफारिस गरिने</u>ः नक्कली कागजात पेस गरी कार्यालयका कर्मचारी समेतलाई झुक्याइ सवारी दर्ता, नामसारी, सरुवा दर्ता, लिलाम दर्ता, जाँचपास, मार्ग इजाजतपत्र, सवारीको दर्ता प्रमाणपत्रको प्रतिलिपि, सवारी कर तथा नवीकरण, सवारी चालक अनुमतिपत्र, नेपालीकरण, नवीकरण प्रतिलिपि, वर्ग थप लगायतको कार्य गराएमा वा अर्काको प्रयोगात्मक परीक्षा तथा लिखित परीक्षा दिएको पाइएमा त्यस्तो व्यक्तिलाई प्रचलित कानुन बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।

७७. <u>फाइल वा अभिलेख फेला नपरेमा</u>ः (१) सवारी साधनको फाइल फेला नपरेमा त्यस्तो सवारीको विवरणसँग मेल खाने अन्य कुनै सवारीको फाइल वा अभिलेख तथा दर्ता किताबको आधारमा नयाँ अभिलेख फाइल खडा गर्नु पर्नेछ।

(२) सवारीसँग मेल खाने कुनै अभिलेख फाइल नभेटिएमा दर्ता किताबको आधारमा र फाइल तथा दर्ता किताब दुबै फेला नपरेमा सम्बन्धित सवारीधनीसँग रहेको सक्कल सवारी दर्ता प्रमाणपत्र, कर बुझाएको निस्साको सक्कल प्रति र लिलाम सकारबाट आएको भए लिलाम गर्ने निकायको सिफारिसपत्र,

कम्पनी मार्फत् आयात भएको भए सम्बन्धित कम्पनीको सिफारिसपत्र, सक्कल प्रज्ञापनपत्र वा भन्सारबाट आयात भई आएको भए सम्बन्धित भन्सार कार्यालयले प्रमाणित गरेपछि त्यस्तो प्रमाण समेत संलग्न राखी नयाँ फाइल खडा गर्नु पर्नेछ।

(३) उपनियम (१) र (२) बमोजिम नयाँ फाइल खडा गर्दा प्रविधिक कर्मचारीबाट सवारी जाँचबुझ सहितको राय लिई सवारीको अभिलेख फाइल खडा गर्नु पर्नेछ।

(४) उपनियम (३) बमोजिमको अभिलेख फाइल अधिकृतबाट प्रमाणित गराइ दर्ता किताबमा जनाउनु पर्नेछ।

(५) सवारी चालक अनुमतिपत्रको निर्णय किताब फेला नपरेमा सवारी चालक अनुमति दर्ता किताब वा विद्युतीय अभिलेख र सक्कल चालक अनुमतिपत्रको आधारमा आवश्यक जाँचवुझ गरी त्यस्तो सवारी चालक अनुमतिपत्रको नवीकरण गरिदिनु पर्नेछ।

७८. सार्वजनिक यातायात सञ्चालन सम्बन्धी विशेष व्यवस्था: प्रदेश सरकार तथा स्थानीय तहले सर्वसाधारणको सुविधा र यातायातको व्यवस्थापनलाई ध्यानमा राखी नगर बस, अन्तर नगर बस, प्रदेश बस, अन्तर प्रदेश बस, विद्युतीय बस सेवा सञ्चालनको लागि निश्चित मापदण्ड बनाइ लागु गर्न सक्नेछ।

७९. ट्राफिक सङ्केत सम्बन्धी व्यवस्थाः सवारी चालकले ऐनको दफा १३५ बमोजिम पालना गर्नु पर्ने ट्राफिक सङ्केतहरू अनुसूची-५५ मा उल्लेख भए बमोजिम हुनेछ।





८०. मौज्दातमा रहेको सवारी साधनः सुरु दर्ताको प्रयोजनबाहेक मौज्दातमा रहेको सवारी साधन सञ्चालन गर्न पाइने छैन र त्यस्ता सवारी साधन सञ्चालन भएको पाइएमा दर्ता भएको मितिदेखिको सवारी कर असुल गरिनेछ।

८१. दर्ता खारेजी सम्बन्धी व्यवस्थाः (१) गलत वा नक्कली कागजातका आधारमा सवारी दर्ता वा नवीकरण भएको पाइएमा कार्यालयले त्यस्तो सवारी दर्ता वा नवीकरण खारेज गर्न सक्नेछ।

(२) उपनियम (१) बमोजिम सवारी दर्ता खारेज गर्नुअघि सम्बन्धित सवारीधनी वा व्यवस्थापकलाई सफाइ पेस गर्ने मौका दिइनेछ।

८२. अनुसूचीमा हेरफेर तथा थपघट गर्न सक्नेः प्रदेश सरकारले प्रदेश राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यकता अनुसार हेरफेर तथा थपघट गर्न सक्नेछ।

८३. बचाउः यो नियमावली लागु हुनुअघि सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ बमोजिम भए गरेका काम कारबाही यसै नियमावली बमोजिम भए गरेको मानिनेछ।

अनुसूची-१

(नियम ८ को उपनियम (१) सँग सम्बन्धित)

## सवारी दर्ता गर्न दिने निवेदन

श्रीमान कार्यालय प्रमुखज्यू,
यातायात व्यवस्था कार्यालय,
..............................।

टिकट

मेरो/हाम्रो नाममा खरिद भएको/ प्राप्त भएको/झिकाएको निम्न विवरण भएको सवारी सुरू दर्ता गराउनका लागि लाग्ने दस्तुर र चाहिने अन्य निस्सा प्रमाणहरू यसै साथ राखी पेस गरेको छु/छौं। उक्त सवारी जाँच गरी मेरो/ हाम्रो नाममा दर्ता गरी दर्ता प्रमाणपत्र पाउन निवेदन दिएको छु/छौं।

१. सवारी झिकाउने (व्यक्ति, फर्म, कम्पनी वा संस्था) को नाम, थरः-

२. ठेगानाः-(क) स्थायीः- जिल्लाः गा.पा./न.पा.:
वडा नं.: टोलः
(ख) अस्थायीः- जिल्लाः गा.पा./न.पा.:
वडा नं.: टोलः

३. पिता को नाम थर (व्यक्ति भएमा):-

४. सवारीमा भएको दर्ता नम्बर (साबिकको):-

५. सवारीको किसिमः-

६. सवारी बनाउने कम्पनीको नामः-

७. सवारीको मोडेल (उत्पादन वर्ष) :-





८. सिलिण्डर सङ्ख्याः-

९. पावर/सि.सि./ सि.सि.:-

१०. सवारीको ईञ्जिन नम्बरः-

११. सवारीको चेसिस नम्बरः-

१२. सवारीको रङ्ग (क) बडीको रङ्गः-
(ख) सिसाको रङ्गः-

१३. प्रयोग गर्ने इन्धनको किसिमः-

१४. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरणः-

१५. सवारीको वजन क्षमताः-
(क) कुल वजनः-
(ख) भारवहन क्षमताः-
(ग) सिट संख्याः-

१६. प्रयोजन :-

१७. चलाउने क्षेत्रः-

१८. भन्सार, कर दस्तुर तिरेको निस्साः-
(क) भन्सार कार्यालयको नामः- (ख) प्रज्ञापन पत्र नम्बरः-
(ग) रसिद नम्बरः- (घ) मितिः-

१९. प्रवेश दर्ता प्रमाणपत्रको निस्साः-
(क) प्रवेश पत्र दिने प्रहरी कार्यालयको नामः-
(ख) प्रवेश पत्र नम्बरः-
(ग) प्रवेश पत्र दिएको मितिः-

२०. झिकाउने इजाजत पाएको निस्सा :-

(क) निस्सा दिने कार्यालय:-

(ख) निस्सा प्रमाणपत्र नम्बर:-

(ग) मिति:-

निवेदकको-
सही:
नाम, थर:
मिति:
सम्पर्क नम्वर:

२१. संलग्न कागजातहरू:-

क. व्यक्तिको नागरिकताको प्रमाणपत्र

ख. संस्थाको दर्ता प्रमाणपत्र

ग. करचुक्ताको प्रमाणपत्र

घ. भन्सारको प्रज्ञापन पत्र

ङ. भन्सार तिरेको रसिद सवारी प्रदुषण मापदण्डभित्र रहेको प्रमाण,

च. सक्षमताको प्रमाणपत्र

छ. नियमानुसारको कर दस्तुर तिरेको रसिद





कार्यालय प्रयोजनको लागि

सवारी निरीक्षणको बेहोरा

सवारी इन्जिन नम्बर .......... चेसिस नम्बर ............

अन्य बेहोरा भए

खुलाउने.......................................................................

सवारीको प्रविधिक चेकजाँचबाट सवारी दर्ता गर्न उपयुक्त देखिएको बेहोरा अनुरोध छ।

माथि उल्लिखित सम्पूर्ण विवरणहरूका साथै प्रविधिक प्रतिवेदनबाट सवारी दर्ता गर्न उपयुक्त

निरीक्षण गर्ने प्राविधिकको-
हस्ताक्षर:
नाम:
पद:
मिति:

देखिएकोले......................................... नम्वरमा दर्ता गर्न निर्णयार्थ पेस गरेको छु।

पेश गर्ने-
......................
नाम:
पद:
मिति:

दर्ता स्वीकृत गर्ने अधिकारी
.....................
नाम:
पद:
मिति:

अनुसूची-२

(नियम ८ को उपनियम (१९) सँग सम्बन्धित)

यातायात व्यवस्था कार्यालय र सवारीको नम्बर प्लेटको कोड र सङ्केत (अङ्क र अक्षरमा)

(क) यातयात व्यवस्था कार्यालयहरूको कोडः

| | कैलाली | कञ्चनपुर | डोटी | डडेल्धुरा |
|---|---|---|---|---|
| प्रदेश सङ्केत | सु.प.प्र. | सु.प.प्र. | सु.प.प्र. | सु.प.प्र. |
| कोड | ०१ | ०२ | ०३ | ०४ |

द्रस्टव्यः नयाँ स्थापना हुने यातायात व्यवस्था कार्यालयहरूको कोड क्रमानुसार हुने छ।

(ख) ठूला तथा मझौला सवारी (बस, ट्रक, डोजर, डम्फर, लोडर, क्रेन, दमकल, ट्याङ्कर, रोलर, पिकअप, भ्यान, मिनीबस, मिनीट्रक, मिनीभ्यान आदि यात्रीवाहकको हकमा १४ सिट भन्दा माथिका र मालबाहकको हकमा ४ टन वा सोभन्दा बढी कुल भारवाहन क्षमता भएका) सवारी साधनहरूको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| सु.प.प्र. | क | ख | ग | घ | प |

(ग) साना (कार, जिप, भ्यान, पिकअप, माइक्रोबस आदिजस्ता १४ सिट वा कुल भारवहन क्षमता ४ टनभन्दा कम भएका) सवारी साधनहरूको लागि।





| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| सु.प.प्र. | च | ज | झ | ञ | य |

(घ) साना (मोटरसाइकल, स्कुटर आदिजस्ता दुईपाङ्ग्रे) सवारी साधनहरूको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| सु.प.प्र. | प | फ | ब | म | - |

(ङ) ट्याक्टर र पावरटिलरको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| सु.प.प्र. | त | थ | द | न | - |

(च) साना (टेम्पो, अटोरिक्सा आदि जस्ता तीनपाङग्रे) सवारी साधनहरूको लागि।

| प्रदेश सङ्केत | निजी | सार्वजनिक | सरकारी | संस्थान | पर्यटक |
|---|---|---|---|---|---|
| सु.प.प्र. | स | ह | क्ष | त्र | - |

द्रष्टव्यः नम्बर प्लेटको स्वरूपः १. सवारीमा राख्ने नम्वर प्लेट कम्तीमा २० गेजको धातुबाट बनेको पातामा देहाय बमोजिम हुनु पर्नेछ।

क. सार्वजनिक सवारीसँग सम्बन्धितः कालो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

ख. <u>पर्यटक सवारीसँग सम्बन्धित:</u> हरियो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

ग. <u>निजीसवारीसँग सम्बन्धित:</u> रातो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

घ. <u>सरकारी सवारीसँग सम्बन्धित:</u> सेतो प्लेटमा रातो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

ङ. <u>सङ्गठित संस्था वा संस्थानको सवारीसँग सम्बन्धित:</u> पहेंलो प्लेटमा नीलो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

च. <u>कुटनीतिक सवारीसँग सम्बन्धित:</u>नीलो प्लेटमा सेतो अक्षर र अङ्क/प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनुपर्छ।

२. प्रदेश मुख्यमन्त्री, सभामुख, मन्त्री, उपसभामुख, राज्यमन्त्री, सहायक मन्त्री चढ्ने सवारीको नम्बर





प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनु पर्छ।

३. स्थानीय तहका अध्यक्ष/उपाध्यक्ष र प्रमुख/उपप्रमुख चढने सवारीको नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क कम्तीमा तीन इन्च अग्लो र आधा इन्च मोटो हुनु पर्छ।

४. नम्बर प्लेटमा बढीमा चौध वटासम्म अङ्क र अक्षर रहने छन जसलाई तल र माथि गरी निम्नानुसार राखिनु पर्नेछ।

(क) सवारीको अगाडि तल र माथी गरी दुइ लाईनमा र पछाडी तल र माथी गरी तीन लाईनमा नम्वर प्लेट लेख्नु पर्नेछ।

(ख) अगाडिको नम्वर प्लेटको हकमा माथिल्लो लाईनको सुरूमा सवारी दर्ता गर्ने कार्यालयको प्रदेशको नाम वा कोड, त्यसपछि कार्यालय जनाउने सङ्केत अङ्क लेखिनु पर्नेछ र त्यसपछि तल्लो लाइनको सुरुमा सवारी समूह जनाउने अङ्क, त्यसपछि सवारीको किसिम जनाउने सङ्केत अक्षर र त्यस पछि दर्ता नम्वर लेख्नु पर्नेछ।

(ग) पछाडीको नम्वर प्लेटको हकमा माथिल्लो लाईनको सुरूमा सवारी दर्ता गर्ने कार्यालयको प्रदेशको नाम वा कोड, त्यसपछि कार्यालय जनाउने सङ्केत अङ्क लेखिनु पर्नेछ र त्यसपछि

दोश्रो लाइनको शुरूमा सवारी समूह जनाउने अङ्क, त्यसपछि सवारीको किसिम जनाउने सङ्केत अक्षर र तेश्रो लाइनमा दर्ता नम्बर लेख्नु पर्नेछ।

उदाहरणार्थः यातायात व्यवस्था कार्यालय, कैलालीमा दर्ता भई सवारी समूह अङ्क ००१ र दर्ता नम्बर ११०० भएको निजी चार पाङ्ग्रे सवारीलाई देहाय बमोजिमको नम्बर प्लेट राख्ने।

| अगाडि | पछाडि |
|---|---|
| सु.प.प्र.०१-<br>००१ च११०० | सु.प.प्र.०१-<br>००१ च ११०० |

(घ) यस्तो दर्ता नम्बर एउटा सङ्केत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९) सम्म मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक सङ्केत अक्षरमा चार अङ्कको सबैभन्दा ठुलो सङ्ख्या (९९९९) पुगेपछि क्रमशः अर्को सङ्केत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ।





अनुसूची-३

(नियम ८ को उपनियम (२०) सँग सम्बन्धित)

<u>इम्बोस्ड बापतको दस्तुर</u>

| क्र.सं. | सवारीको वर्गीकरण | दस्तुर (रुपैयाँमा) |
|---|---|---|
| १. | ठुलो सवारी | ३६००।- |
| २. | मझौला सवारी तथा सानो (चार पाङ्ग्रे) सवारी | ३२००।- |
| ३. | सानो (तीन पाङ्ग्रे) सवारी | २९००।- |
| ४. | सानो (दुई पाङ्ग्रे) सवारी | २५००।- |

अनुसूची-४

(नियम ८ को उपनियम (२२) सँग सम्बन्धित)

## सवारी दर्ता किताब

सुदूरपश्चिम प्रदेश सरकार

भौतिक पूर्वाधार विकास मन्त्रालय

यातयात व्यवस्था कार्यालय

.................. ।

सवारी धनीको फोटो

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |





| सवारीको विस्तृत विवरण | सवारी दर्ता गराउने निस्सा को विवरण | सवारी धनीको नाम,थर र ठेगाना | सवारी धनीको दस्तखत | सवारीको नामसारी | | सवारीको दर्ता प्र.प. को नवीकरण | | दस्तुर बुझाए को रसिद नम्बर र मिति | चढाउने वा फाँटवाला को दस्तखत | सवारी दर्ता नामसारी वा नवीकरण प्रमाणित गर्ने अधिकृतको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | बिक्री गर्नेको सही छाप | खरिद गर्नेको सही छाप | नवीकरण मिति | म्याद पुग्ने मिति | | | | |
| १. सवारीको दर्ता नम्बर-<br>२.सवारी दर्ता मिति-<br>३. सवारीको मोडेल वा निर्माण भएको वर्ष-<br>४. बनाउने कम्पनी-<br>५.सिलिण्डर/ व्याट्री सङ्ख्या-<br>६.पावर/सि.सि./ सि.सि.-<br>७. कुल बजन-<br>८. बजन क्षमता सिट वा बोक्ने क्षमता-<br>(क) सिट सङ्ख्या-<br>(ख) बजन क्षमता-<br>९. चेसिस नम्बर-<br>१०. इन्जिन नम्बर- | १.भन्सार तिरेको निस्सा-<br>(क) भन्सार कार्यालयको नाम-<br>(ख) प्रज्ञापन पत्र नम्बर<br>(ग) रसिद नम्बर-<br>(घ) मिति-<br>(ङ) अन्य-<br>२. प्रवेश दर्ताको निस्सा-<br>(क) प्रवेश दर्ता गर्ने प्रहरी कार्यालयको नाम<br>(ख) प्रवेश पत्र नम्बर-<br>(ग) मिति-<br>(घ) अन्य-<br>३. झिकाउने इजाजत पाएको निस्सा- | | | | | | | | | | |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ११. ब्लक नम्बर-<br>१२.सवारीको रङ्ग-<br>(क) बडीको रङ्<br>(ख) सिसाको रङ्ग-<br>१३.चेसीसको-<br>(क) लम्बाइ-<br>(ख) चौडाइ-<br>१४.बडीको-<br>(क)लम्बाइ-<br>(ख)चौडाइ-<br>(ग) उचाइ- | (क) झिकाउन इजाजत दिने कार्यालय-<br>(ख) इजाजत पत्र नम्बर<br>(ग) इजाजत दिएको मिति-<br>४. खरिद भई आएको मानिस वा कम्पनीको विवरण-<br>(क)बिक्रेताको नाम-<br>(ख)बिक्री वा खरिद भएको मिति-<br>(ग) प्रमाणित गर्ने व्यक्ति वा निकाय<br>(घ) साबिक विदेशी नम्बर-<br>५. अन्य | | | | | | | | | | |





| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १५. प्रयोग गर्ने इन्धनको किसिम-<br>१६. सवारीमा भएको इलेक्ट्रोनिक सञ्चारको उपकरण-<br>१७. अन्य प्रविधिक विवरण-<br>१८. प्रयोजन-<br>१९. चलाउने इलाका-<br>२०. नयाँ प्रविधिको सवारी भएमा प्रदूषणको प्रमाणपत्र | | | | | | | | | | | |

अनुसूची-५

(नियम ६ को उपनियम (१) को खण्ड (क) सँग सम्बन्धित)

सिधै सेवामा प्रयोग हुने बसको मापदण्ड

(१) चालकसहित बढीमा चालिस सिट सङ्ख्या,

(२) सिटको लम्बाइ, चौडाइ र उचाइ १६ देखि १९ इन्च, ३० देखि ४५ डिग्री सम्मको फोल्डिङ्ग सिटको पिठ्युँको उचाइ २२ देखि २६ इन्च,

(३) २/२ पङ्क्तिको सिट एक पङ्क्तिबाट अर्को पङ्क्तिको बिचको मार्ग कम्तीमा १४ इन्च र सिटको पङ्क्तिबाट लेग प्लेसको दुरी कम्तीमा १३ इन्च,

(४) बसको भित्री उचाइ ६६ इन्च र छतको क्यारियर बसको कुल लम्बाइको आधा र उचाइ ८ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखि बढीमा एक फुटको उचाइमा,

(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसको उपयुक्त स्थानमा सङ्कटकालीन ढोकाको व्यवस्था,

(८) बसमा आवश्यक औषधी तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त,

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।





अनुसूची-६

(नियम ६ को उपनियम (१) को खण्ड (ख) सँग सम्बन्धित)

द्रुत सेवामा प्रयोग हुने बस, मिनीबस र माइक्रो बस

(क) बसः

(१) चालक सहित बढीमा ५० सिट सङ्ख्या,

(२) सिटको लम्बाइ, चौडाइ र उचाइ कम्तीमा १५ इन्च र सिटको पिठ्युँको उचाइ कम्तीमा १८ इन्च,

(३) २/३ पङ्क्तिको सिट एक पङ्क्तिबाट अर्को पङ्क्तिको बिचको मार्ग १४ इन्च र सिटको पङ्क्तिबाट लेग प्लेसको दुरी कम्तीमा ११ इन्च,

(४) बसको भित्री उचाइ कम्तीमा ६६ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखि बढीमा एक फुटको उचाइ,

(६) बसमा आगो निभाउने यन्त्रको व्यवस्था,

(७) बसमा उपयुक्त स्थानमा सङ्कटकालीन ढोकाको व्यवस्था,

(८) बसमा आवश्यक औषधी तथा उपकरणसहितको प्राथमिक उपचारको व्यवस्था,

(९) बसमा झ्यालको लकको अवस्था दुरुस्त,

(१०) बसको सक अब्जर्भरको अवस्था दुरुस्त।

(ख) मिनिबसः

(१) चालक सहित बढीमा २५ सिट सङ्ख्या,

(२) सिटको लम्बाइ, चौडाइ र उचाइ कम्तीमा १५ इन्च पिठ्युँको उचाइ कम्तीमा २२ इन्च र पङ्क्ति बढीमा २/२,

(३) सिटको एक पङ्क्तिबाट अर्को पङ्क्ति बिचको मार्ग कम्तीमा १४ इन्च र सिटको पङ्क्तिबाट लेग प्लेसको दुरी १३ इन्च,

(४) मिनी बसको भित्री उचाइ ६४ इन्च,

(५) बसको प्रवेशद्वारको पहिलो सिंढी जमिनको सतहदेखि बढीमा एक फुटको उचाइ।

(ग) माइक्रो बसः

(१) चालक सहित १२ देखि १४ सिट सङ्ख्या भएको,

(२) सिटको लम्बाइ कम्तीमा १५ इन्च, चौडाइ कम्तीमा १६ इन्च, उचाइ कम्तीमा १५ इन्च, पिठ्युँको उचाइ कम्तीमा २२ इन्च र लेग प्लेसको दुरी ११ इन्च भई सबै सिटहरू अगाडि फर्केको,

(३) माइक्रो बसको भित्री उचाइ कम्तीमा १३४५ एम.एम भएको,

(४) माइक्रो बसको प्रवेशद्वारको पहिलो सिढी जमिनको सतहदेखि बढीमा एक फुट उचाइ,

(५) माइक्रो बसको झ्यालको लकको अवस्था दुरुस्त भएको।





अनुसूची-७

(नियम ६ को उपनियम (१२) सँग सम्बन्धित)

रात्री बस

१. गाडी...................... २. मोडल नं.........................

३ च्यासिस नं.................... ४. उत्पादन वर्षः .......................

५. इन्जिन नम्बरः................ ६ माग गरेको रुटः................

| सि.नं. | विवरण | मापदण्ड | भएको /नभएको |
|---|---|---|---|
| १. | सिट आरामदायी लचकदार | आरामदायी ,लचकदार हुनुपर्ने | |
| २. | चालकसहित सिटसंख्या | बढीम ४० सिट | |
| ३. | सिट कति डिग्रीसम्म फोल्डिङ हुन्छ | ३० डिग्री देखि ४५ डिग्री सम्म | |
| ४. | एक सिटको लम्बाई | "१६" देखि "१९" सम्म | |
| ५. | सिटको चौडाइ | "१६" देखि "१९" सम्म | |
| ६. | सिटको उचाइ | "१६" देखि "१९" सम्म | |
| ७. | पिठ्यूँको अडेसको उचाइ | "२२" देखि "२६" सम्म | |
| ८. | सिटको पङ्गतिबाट लेग प्लेसको दुरी | कम्तीमा "१३" सम्म | |

| सि.नं. | विवरण | मापदण्ड | भएको /नभएको |
|---|---|---|---|
| ९. | सिटको पङ्गतिबाट बीच बाटोको चौडाइ | कम्तीमा "१४" सम्म | |
| १०. | बसको भित्रि भागको उचाइ | कम्तीमा "६६" सम्म | |
| ११. | सिट पङ्तीबाट २/२ छ/छैन | २x२ हुनुपर्ने | |
| १२. | सङ्कटकालीन ढोकाको व्यवस्था छ/छैन | भएको हुनुपर्ने | |
| १३. | सक अब्जरको अवस्था के कस्तो छ | ठिक हुनुपर्ने | |
| १४. | झ्यालमा लक , सिसाको अवस्था ठिक छ/छैन | ठिक हुनुपर्ने | |
| १५. | अगाडीको टायर रिसोलिङ्ग भएको/नभएको | नभएको हुनुपर्ने | |
| १६. | लिफ स्प्रिङ बोल्डिङ भएको/नभएको | नभएको हुनुपर्ने | |





| सि.नं. | विवरण | मापदण्ड | भएको /नभएको |
|---|---|---|---|
| १७. | ब्रेकको अवस्था ठिक छ/छैन | ठिक हुनुपर्ने | |
| १८. | छतको क्यारिएरको साइज | बसको कुल लम्बाइको आधा | |
| १९. | आगो निभाउने यन्त्र छ/छैन | हुनुपर्ने | |
| २०. | प्राथमिक उपचारको व्यवस्था छ/छैन | हुनुपर्ने | |
| २१. | यान्त्रिक जाँचपास फारामको उल्लेख भएको मापदण्डहरु ठिक छ/छैन | हुनुपर्ने | |
| २२. | अन्य केही भए: | | |

सवारी जाँच गर्नेः -प्रविधिक दृष्टिकोणबाट उक्त बस रात्री सेवामा सञ्चालन गर्न दिन उपयुक्त छ/छैन ।

| | | |
|---|---|---|
| ................................... | ................................... | ........ |
| चेकजाँच गर्ने प्राविधिक | मेकानिकल इन्जिनियर | अनुम |

अनुसूची-८

(नियम ६ को उपनियम (१२) सँग सम्बन्धित)

स्तरीय डिलक्स बस

१. गाडी नं ........................ २. मोडल...........................

